'यसैवर्ष पाँच लाख भूमिहीनले जग्गासहितको लालपुर्जा पाउँछन्' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १२२ • २०७९ साल आश्विन ३ गते सोमबार (19 September, Monday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-



# जसपा अध्यक्ष यादव सप्तरी २ बाट पक्का

## समानुपातिक प्रदेशमा मनिष, १२ महिला, प्रतिनिधि सभामा रेखा अगाडि

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी( जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादव सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट लड्ने पकका भएको छ।

समानुपातिक तर्फको सूचीमा मधेशी पुरुषतर्फ १ नम्बरमा मनिष सुमनको नाम राखिएको छ। उनी सो क्षेत्रको 'ख'बाट प्रदेश सभामा प्रत्यक्ष निर्वाचित भएका थिए ।क्षेत्रलाई सन्तुलन गर्न २ को 'ख' बाट माओवादी केन्द्रका नेता एवं पूर्व मन्त्री उमेश यादवका लागि छाडिएको छ।

अध्यक्ष यादव सप्तरी २ बाट २०७४ सालको चुनावमा भारी मतले निर्वाचित भएका थिए। यादवले २१ हजार ६ सय २० मत ल्याइ विजयी भएका थिए ।उनका निकटतम् प्रतिद्वन्दी माओवादी केन्द्रका उमेश यादवले ११ हजार ५ सय ८० मत ल्याएका थिए।

क्षेत्र नम्बर २ को 'क'मा मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र साह चुनाव लड्ने छन् ।उनी सोही क्षेत्रबाट गत चुनावमा प्रदेश सभामा निर्वाचित भएका थिए।

पुरुष तर्फ युवा नेता अशोक यादवको नाम दोस्रो स्थानमा राखिएको छ ।गत चुनावमा उनको नाम १ नम्बरमा रहेको थियो। महिलालाई ३३ प्रतिशत सहभागिताको कारण प्रदेश समानुपातिकमा पुरुषको नाम पर्न सकेको थिएन्।

प्रतिनिधि सभाको समानुपातिकमा पुरुष तर्फको १ नम्बरमा सप्तरीका अधिवक्ता मिथिलेश सिंहको नाम राखिएको स्रोतले जनाएको छ । उनी पार्टीमा लामो समयदेखि सकृय रहेका छन्।

सप्तरी क्षेत्र नम्बर १ बाट मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले उम्मेदवारी दिने बलियो संभावना छ ।कांग्रेसले सो क्षेत्र लिने अडानमा रहे पनि गत चुनावमा जसपाले नै जितेको र मन्त्री साहको लोकप्रियता अत्याधिक रहेकाले उनलाई उम्मेदवार बनाउन जसपाका नेताहरु लागेका छन्।

महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट निवर्तमान मुख्यन्यायाधिवक्ता दिपेन्द्र झा र पूर्व मन्त्री हरिनारायण यादव मध्ये एकजना प्रतिनिधि सभा र एकजना प्रदेश सभामा उठाउने कार्यकारिणी समितिमा सहमति भएको स्रोतले जनाए।

सो क्षेत्रबाट लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का अध्यक्ष महन्थ ठाकुर उम्मेदवारी दिने तयारीमा छन् । उनी सो क्षेत्रबाट नै चुनाव जितेका थिए।

> **अध्यक्ष यादव सप्तरी २ बाट २०७४ सालको चुनावमा भारी मतले निर्वाचित भएका थिए। यादवले २१ हजार ६ सय २० मत ल्याइ विजयी भएका थिए ।उनका निकटतम् प्रतिद्वन्दी माओवादी केन्द्रका उमेश यादवले ११ हजार ५ सय ८० मत ल्याएका थिए।**

मधेश प्रदेशबाट जसपाले १२ जना महिलाको नाम समानुपातिक सुचीमा राखेको छ ।स्रोतहरुका अनुसार आइतवार साँझ सम्म धनुषाकी बिन्दू यादवको नाम १ नम्बरमा राखिएको छ।

महिला तर्फ वर्तमान अर्थराज्यमन्त्री उषा यादव बारा जिल्लाबाट र मधेश प्रदेश समितिकी कोषाध्यक्ष रेणु यादव सिरहा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ को 'ख'बाट उम्मेदवारी दिने बलियो संभावना रहेको छ। प्रत्यक्ष तर्फ लड्ने उम्मेदवारहरु मध्ये क्षेत्रमा सर्वाधिक सकृय रहेकी छन्।

पाँच दलीय गठबन्धन कायमै रहने भएकाले समानुपातिक तर्फ त्यसै अनुसार पार्टीले मनोनयन दर्ता गर्ने तयारी गरेको छ ।गठबन्धनमा प्रतिनिधि सभामा सिटको तालमेलको संभावनालाई दृष्टिगत गर्दै समानुपातिक सूचीमा नाम समावेश गरिएको स्रोतले जनाए।

निर्वाचन आयोगले सोमवार समानुपातिक तर्फको प्रतिनिधि र प्रदेश सभाको उम्मेदवार हरुको बन्द सूची दर्ता गर्ने समय निर्धारण गरेको छ ।बन्द सूची दर्ता गरिएपछि असोज १० गतेदेखि १६ गते सम्म उम्मेदवारहरुको नाम संशोधन गर्ने समय आयोगले छुट्टयाएको छ।

मधेश प्रदेशमा प्रदेश सभाको प्रत्यक्ष ६४ स्थान र प्रतिनिधि सभाको प्रत्यक्ष ३२ स्थान रहेको छ । मधेश प्रदेशमा ४३ जना समानुपातिकबाट सभासद चुनिनेछन् ।प्रत्यक्ष तर्फबाट महिला निर्वाचित हुन नसके कुल १ सय ७ सभासद मध्ये ३५ जना समानुपातिकबाट महिलाको प्रतिनिधित्व गराउनुपर्ने छ । हुनत निर्वाचन आयोगले प्रत्यक्ष तर्फपनि ३३ प्रतिशत महिलालाई उम्मेदवार बनाउन दलहरुलाई भनेको छ।

कानूनी प्रावधान अनुसार मात्र महिलालाई समावेश गराइए समानुपातिक तर्फबाट ८ जना पुरुष समानुपातिक तर्फबाट प्रदेश सभामा जान सक्नेछन्।

कार्यकाल सकिएको मधेश प्रदेश सभामा तत्कालीन राष्ट्रिय जनता पार्टी(राजपा)बाट महोत्तरी जिल्लाका रानी शर्मा र सुरिता साह निर्वाचित भएका थिए।

# संविधान विरुद्ध मधेशमा विरोध जुलुस

**टुडे समाचारदाता**

जनकपुरधाम । मुलुकभर संविधान दिवस मनाइरहँदा मधेशमा भने संविधान विरुद्ध विरोध जुलुस गर्ने भएको छ। संविधानमा रहेका केही त्रुटिहरु नसच्याइएको भन्दै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले विरोध जुलुस गर्ने भएको छ।

दिउँसो तीन बजे पार्टी कार्यालयहरुवाट विरोध जुलुस निस्कने जनाइएको छ। पार्टीको केन्द्रीय सर्कुलर अनुसार मधेश प्रदेश लगायत अन्य प्रदेशहरुमा समेत जुलुस निकाल्ने कार्यक्रम रहेको जनाइएको छ। लोसपाले संविधान जारी भए देखिनै विरोधका विभिन्न कार्यक्रम गर्दै आइ रहेका छन्।

विगतमा सरकारले संविधान दिवसको अवसरमा दीपावली मनाउने घोषणा गरेसंगै तत्कालीन राजपाले व्लैक आउटको घोषणा संगै मधेश भर व्लैक आउट गरेर संविधानको विरोध गरेका थिए। पार्टीका केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले प्रेस विज्ञप्ति मार्फत पार्टीका जिल्ला कमिटीहरुलाई विरोध जुलुस गर्न निर्देशन दिएका छन्।

संविधानलाई लोसपाले स्वीकार गरेपनि संशोधन गर्नुपर्ने माग गर्दै संविधान जारी भएको २०७२ साल देखिनै विरोधका कार्यक्रमहरु गर्दै आएका छन्। संविधान जारी हुँदा तत्कालीन सरकारले दीपावली मनाउने घोषणा गरेका दिन संविधान जलाएर विरोध गरिएको थियो। त्यो विरोधलाई साम्य पार्नकालागि प्रहरीले गोली चलाउँदा एक जनाको ज्यान समेत गएको थियो।

२०७२ साल देखी निरन्तर संविधान संशोधन, नागरिकता लगायतका मुद्दालाई लिएर आन्दोलन गरिरहेका लोसपाले माग सम्बोधन गराउन तत्कालीन केपी शर्मा ओलीको नेतृत्वमा १८ दिनकालागि मन्त्रिमण्डलमा समेत सहभागी भएको थियो।




# आम्दानीको स्रोत पहिचान गर्न मधेश सरकार असफल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशको आम्दानीको स्रोतको पहिचान गर्न असफल भएको छ । पाँच बर्षेकार्यकाल सम्पन्न गरेर विदाइ लिने बेला भइ सक्दा पनि मधेश प्रदेश सरकारले आम्दानीको स्रोतको पहिचान गर्न सकेको छैन्।

प्रदेश सभामा गत साउनमै पारित भएको कर तथा गैर सम्बन्धी विधेयक प्रदेश प्रमुख हरिशंकर मिश्रले प्रमाणीकरण गर्न नसकेपछि काम अगाडि बढ्न सकेको छैन्।

२०७६ सालमै प्रदेश सभा सचिवालयमा दर्ता गरिएको उक्त विधेयक गत साउनमा मात्रै प्रदेश सभाबाट पारित भएको थियो। सभाबाट पारित भएपनि त्यो विधेयक प्रदेश प्रमुख मिश्रले प्रमाणीकरण गर्न नसक्दा ऐन बन्न सकेन। कर तथा गैर सम्बन्धी ऐनको अभावमा मधेश प्रदेश सरकारले पाँच वर्षमा पनि आन्तरिक आम्दानीका श्रोतहरुको पहिचान गर्न सकेको छैन्।

प्रदेश सरकारको आन्तरिक आम्दानीमा वृद्धि नहुँदा प्रदेश सरकारले ल्याउने बजेटको अधिकाश भाग संघीय सरकारले दिने विभिन्न अनुदानमा निर्भर रहने गरेको अर्थ मन्त्रालयका प्रशासन अधिकृत राजन कुमार झाले जानकारी दिए।

> **प्रदेश सरकारको आन्तरिक आम्दानीमा वृद्धि नहुँदा प्रदेश सरकारले ल्याउने बजेटको अधिकाश भाग संघीय सरकारले दिने विभिन्न अनुदानमा निर्भर रहने गरेको अर्थ मन्त्रालयका प्रशासन अधिकृत राजन कुमार झाले जानकारी दिए।**

गत आर्थिकमा प्रदेश सरकारले ३ अर्ब ५४ करोड ९ लाख रुपैयाँ राजस्व संकलन गरेको छ । जुन आर्थिक वर्ष २०७७/०७८ को भन्दा ५९ करोड ४२ लाख बढी राजस्व राजस्व संकलन गरे पनि सरकारले ल्याएको बजेटको आकारको तुलनामा निकै न्यून छ । प्रदेश सरकारको आन्तरिक आय न्यून रहेकोले बजेटका अधिकांश भाग संघीय सरकारको अनुदान, राजस्व बाँडफाँट, सशर्त अनुदान, समपुरक, विशेष अनुदानमा निर्भर रहने गरेको उनले बताए। प्रदेश सरकारले गरेको आम्दानीले यहाँको कर्मचारीहरुको तलब तथा सेवा सुविधामा पनि पुग्दैन, उनले भने-'समस्या सातै प्रदेशको हो । तर सुरुवाती अवस्थाभन्दा विस्तारै विस्तारै आन्तरिक आम्दनीमा वृद्धि हुदै गएको छ।

संघीय सरकारमा निर्भर रहने बजेट पनि प्रदेश सरकारले पछिल्लो ५ वर्षको अवधिमा कुनै पनि आवमा पुरै खर्च गर्न सकेनन्। गत आवमा सरकारले कुल बजेटको ६४ दशमल ०४ प्रतिशत अर्थात २२ अर्ब ३४ करोड मात्रै खर्च गर्न सके। खर्च हुन नसकेको रकममध्ये ७ अर्ब ६३ करोड रुपैयाँ पूँजीगत बजेटको रहेको छ। पूँजीगत तर्फ १९ अर्ब ५७ करोड ६० हजार बजेट रहेकोमा ११ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ खर्च भएको अर्थ मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

मन्त्रालयका अनुसार सरकारको बजेट चालु तर्फ ६७ दशमलव ९२ र पूँजीगत तर्फ ६१ प्रतिशत गरी कुल बजेट ६४ दशमलव शुन्य ४ प्रतिशत मात्रै खर्च भएको छ। बजेट खर्च कम हुदाँ पनि आन्तरिक आयमा ह्रास आउने गरेको अर्थ विज्ञहरुको भनाई छ।

प्रदेश सरकारले संघले उपलब्ध गराएको बजेट मात्रै प्रत्येक वर्ष ८० देखि ९० प्रतिशत खर्च गरेको प्रदेश सरकारको राजस्व संकलनको दायरा बढ्ने अर्थ विज्ञ सुरेन्द्र झाले बताए। प्रदेशका कृषि, उद्योग कलकारखानासहितको व्यापक सम्भावना भएपनि त्यसमा प्रदेश सरकारले लगानी गर्न नसकेका कारण प्रदेशको आन्तरिक आय भने बढ्न सकेको छैन्।





**विश्वकर्माको मूर्ति बिसर्जन**: सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित कोसी नदीमा आइतबार विश्वकर्माको मूर्ति बिसर्जन गर्दै । *तस्विर : रासस*

# आत्महत्याको घटना भयावह बन्दै

**टुडे समाचारदाता**

राजविराज । आत्महत्याका घटनामा बृद्धि भइरहेका बेला यसको रोकथाम तथा न्यूनीकरणका लागि प्रहरीले सचेतनामूलक कार्यक्रमको आयोजना गरेको छ। समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आइतबार जिल्ला प्रहरी कार्यालय र सामुदायिक सेवा केन्द्रको संयुक्त आयोजनामा आत्महत्या रोकथाम सम्बन्धी सचेतनामूलक र्‍याली सहितको कार्यक्रम आयोजना गरिएको हो।




जिल्लामा गत आ.ब. २०७८/७९ मा १ सय ३६ जनाले आत्महत्या गरेका थिए भने चालु आ.ब. २०७९/८० को दुई महिनामै २२ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ। डिएसपी माधवप्रसाद काफ्लेका अनुसार यसरी आत्महत्या गर्नेमा १४ महिला र ८ पुरुष छन् ।

यसरी बढ्दो आत्महत्याको दरलाई न्यूनीकरण गर्न सर्वपक्षीय सहभागितामा आमनागरिकलाई सुसूचित गराउने उद्देश्यले उक्त सचेतनामूलक कार्यक्रमको आयोजना गरिएको प्रहरी उपरीक्षक अविनारायण काफ्लेले बताए ।

प्रमुख जिल्ला अधिकारी नुरहरि खतिवडाको प्रमुख आतिथ्यमा समाज बलियो बनाउ, आत्महत्या बन्द गरौं भन्ने मूल नारासहित विभिन्न संघसंस्था, पालिका, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि तथा पत्रकार र विद्यार्थीहरुको सहभागितामा कार्यक्रम आयोजना गरिएको थियो ।

प्रहरी एक्लैले मात्रै आत्महत्या जस्तो संवेदनशील विषयमा काम गर्ने सम्भावना अत्यन्तै न्यून भएकाले सबै तह तथा समुदायको साथ र सहयोग आवश्यकता रहेको प्रहरी उपरीक्षक काफ्लेले बताए । कार्यक्रममा राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविन, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास, सशस्त्र प्रहरी उपरीक्षक प्रदीप खडका, सेनानी प्रभातकिरण श्रेष्ठ,नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव ,बैंक तथा मिटरब्याजीको तनाव, पारिवारिक झमेला, प्रेम प्रसङ्ग र परीक्षामा असफलता जस्ता विषयले आत्महत्यातर्फ प्रेरित गर्ने स्थिति देखिने गरेको भन्दै त्यसको न्यूनीकरणका लागि जीवनको महत्व झल्काउने गरी चेतना, प्रेरणा र शिक्षा दिनु पर्नेमा जोड दिए ।

# मदिरा तस्करी

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीमा स्कारपीयोमा सोफी (मदिरा) तस्करी भइरहेको छ। महोत्तरीको विभिन्न सीमा नाका हुँदै चार पाङ्ग्रे सवारी साधनमा तस्करी हुने गरेका पाइएको छ।

आइतबार पनि महोत्तरी प्रहरीले स्कारपीयोमा नेपालबाट-भारततर्फ सोफी नामको मदिरा तस्करी गरिरहेको सवारी नियन्त्रणमा लिएको छ। प्रहरीले मनरा सिस्वा नगरपालिका वडा नम्बर ९ स्थितबाट बथनाहा सीमा हुँदै मदिरा तस्करी गरिरहेको गोप्य सूचनाको आधारमा गाडीसमेत गरी १७ लाख ७२ हजार मूल्य बराबरको सामान बरामद गरेको जनाएको छ।

बीआर ३० बी ३३७२ नम्बर प्लेटको स्कारपीयोमा ८० कार्टुन गौरभ लेखेको सोफी मदिरा बरामद भएको छ।

यद्यपि तस्कर र सवारी चालक भने फरार छन् । प्रहरीले वेवारिसे सामान मात्रै बरामद गर्दा प्रहरीमाथि शंका गरिएको छ । महोत्तरीमा प्रहरीकै सेटिङ्गमा तस्करी हुने परेको स्थानीय जनताको आरोप छ। बरामद भएको सामान भन्सार कार्यालयमा प्रहरीले बुझाएको छ।

# अझै फेला परेनन् अभियुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रहरी माथि गोली प्रहार गर्ने अभियुक्त अझै फेला परेको छैन् । घटनाको एक साता बित्नै लाग्दासमेत प्रहरीले थप अभियुक्तलाई फेला पार्न सकेको छैन।

गत भदौ २७ गते गणेशमान चारनाथ नगरपालिका ४ पोर्ताहास्थित बन्दुकधारी समूह र प्रहरीबीच दोहोरो गोली हानाहान भएको थियो।

सोही घटनामा प्रहरीले बन्दुकधारी समूहका गणेशमान चारनाथ नगरपालिका ५ बस्ने ३० वर्षीय गणेशबहादुर बुढाथोकीलाई पक्राउ गरेको थियो। तर समूहका अन्य व्यक्ति भने अझै फरार रहेको धनुषा प्रहरी उपरीक्षक बसन्त रजौरेले जानकारी दिए।

उनका अनुसार घटनाको सन्दर्भमा अनुसन्धान जारी छ । तर अन्य अभियुक्त बारे थप प्रमाण बरामद नभएको हुनाले फेला पर्न नसकेको प्रहरी उपरीक्षक रजौरेले बताए। उनीहरु बंदेल सिकारी भएको हुन सक्ने उनको अनुमान छ।

गएको सोमबार चारनाथ खोलामा प्रहरी नायव निरीक्षक रामनाथ यादव नेतृत्वमा गएको गस्ती टोलीले उनीहरुलाई रोक्न खोज्दा बन्दुकधारी समूहले प्रहरीमाथि गोली चलाएको प्रहरीको भनाइ छ । त्यसपछि जवाफी कारवाहीमा प्रहरीले दुई राउण्ड गोली प्रहार गरेको थियो।

प्रहरीले प्रहार गरेको गोलीबाट बन्दुकधारी समूहका गणेशबहादुर बुढाथोकीको खुट्टामा गोली लागि घाइते भएका थिए । त्यसपछि प्रहरीले नियन्त्रणमा लिएको थियो। अन्य व्यक्तिहरु भने फरार भएको थियो।

पक्राउ परेका बुढाथोकीमाथि जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ। उनको साथबाट प्रहरीले एक थान भरुवा बन्दुकसमेत बरामद गरेको थियो। बन्दुकको लाइसेन्स नरहेको प्रहरीले जनाएको छ।

# मोटरसाइकल दुर्घटनामा युवाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा मोटरसाइकल दुर्घटनामा परी एक युवाको मृत्यु भएको छ।

आइतबार जनकपुरधाम-ढल्केवर सडक खण्डमा मोटरसाइकल दुर्घटना भइ ३० वर्षीय माधव श्रेष्ठको मृत्यु भएको छ।

क्षीरेश्वरनाथ नगरपालिका १ रमदैयामा मोटरसाइकल दुर्घटना हुँदा श्रेष्ठको मृत्यु भएको धनुषाका प्रहरी नायव उपरीक्षक प्रदीप क्षेत्रीले जानकारी दिए।

उनका अनुसार जनकपुरधामबाट प्रदेश २-०२-००३ प ५८०१ नम्बरको मोटरसाइकलमा सवार भइ ढल्केवरतर्फ जाँदै गर्दा अनियन्त्रित भइ पल्टिएर मृत्यु भएको हो।

मृतक जनकपुरधाम उपमहानगरपालिका १६ का बासिन्दा हुन्। उनको शव पोस्ट मार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ।

# मुलुकभर वार्षिक १० लाख टन फोहर उत्पादन

काठमाण्डु। देशभरबाट वार्षिक करिब १० लाख टन फोहर उत्पादन हुने गरेको छ। त्यसमध्ये प्रतिवर्ष तीन लाख ८६ हजार ६ सय ९० टन आवासीय क्षेत्रबाट, दुई लाख ४५ हजार आठ सय ८४ टन व्यापारिक क्षेत्रबाट निष्कासन हुने सरकारी तथ्याङ्कले देखाएको छ।

यसैगरी एक लाख तीन हजार दुई सय ४४ टन शैक्षिक संस्थाहरूबाट, ९४ हजार तीन सय ९२ टन औद्योगिक क्षेत्रबाट, एक लाख एक हजार पाँच सय सात टन स्वास्थ्य सेवा क्षेत्रबाट र ६६ हजार दुई सय २० टन अन्य क्षेत्रबाट निष्कासन हुने गरेको केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कमा उल्लेख छ।



उत्पादित फोहरमैलामध्ये सबैभन्दा बढी वार्षिक तीन लाख ८९ हजार नौ सय ८३ टन ल्यान्डफिल साइटमा जम्मा हुने, तीन लाख १५ हजार ६९ टन नदी किनार तथा बगर जस्ता वातावरणीय क्षेत्रमा जाने र २२ हजार ७५ टन दहन गरिने गरिएको विभागले आज सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । यसरी फोहरमैलाको पुनः चक्रीय उपयोगमा जान सक्ने प्लास्टिक, धातु, कागज तथा कागजजन्य वस्तु अत्यन्तै न्यून (आठ हजार ६ सय ९० टन) परिमाणमा पुनः चक्रीय रूपमा उपयोग हुने देखिएको विभागका निर्देशक सुशीलकुमार शर्माले जानकारी दिनुभयो।

विभागको यस अध्ययनले नेपालका स्थानीय, प्रादेशिक तथा सङ्घीय तहमा समेत फोहरमैलासम्बन्धी तथ्याङ्कहरू अन्तर्राष्ट्रिय मापदण्डअनुसार नरहेको समेत देखाएको छ । तसर्थ, यस अध्ययनमा फोहरमैला उत्पादन एवं खपत क्षेत्र तथा फोहरमैलाको वर्गीकरण गरिएको छ।

फोहरमैलाको वर्गीकरण, उत्पादन तथा खपत मात्रासम्बन्धी तथ्याङ्क अन्तर राष्ट्रिय मापदण्डअनुसार बनाउन स्थानीय, प्रादेशिक तथा सङ्घीय तहका फोहरमैला व्यवस्थापनसँग सम्बद्ध सम्पूर्ण पेसाकर्मी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको प्रतिवेदनको सुझाव छ । प्रतिवेदन केन्द्रीय केन्द्रीय तथ्याङ्क विभाग तथा राष्ट्रिय योजना आयोगको आर्थिक सहयोगमा तयार पारिएको हो।

फोहरमैलाको उचित व्यवस्थापन गर्न हाम्रो फोहरमैला कुन मात्रामा निष्कासन हुन्छ, यसमा कस्ता वस्तुहरू समावेश छन् र यी निष्कासित फोहर तथा त्यसमा रहेका वस्तुहरू कहाँ जान्छन् भन्ने कुराको विश्वसनीय तथ्याङ्क तथा सूचना आवश्यक पर्दछ।

यसै परिप्रेक्ष्यमा केन्द्रीय तथ्याङ्क विभागले फोहरमैला व्यवस्थापनसम्बन्धी सर्वेक्षण २०७६ सञ्चालन गरेको थियो। सर्वेक्षणको मुख्य उद्देश्य फोहरमैला व्यवस्थापनसम्बन्धी आधारभूत तथ्याङ्क सङ्कलन गर्ने रहेको थियो जसमा फोहरमैलाको उत्पादन, सङ्कलन तथा व्यवस्थापनसम्बन्धी तथ्याङ्कहरु सङ्कलन गरिएको थियो।

यो प्रकाशनमा गाउँपालिकाबाहेक देशभरका सम्पूर्ण महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरूको फोहरमैलासम्बन्धी तथ्याङ्कहरू समावेश गर्दै देशको समग्र भौगौलिक क्षेत्रलाई समेटिएको छ । जनस्वास्थ्य सुरक्षा तथा जल, वायु एवम् भूप्रदूषणको रोकथामलगायत महत्वपूर्ण प्राकृतिक स्रोतसाधनमा पर्ने अत्यधिक चाप कम गर्नसमेत फोहरमैलामा विद्यमान उपयोगयोग्य वस्तुको यथासम्भव पुनः प्राप्ति गरी पुनः प्रयोग वा चक्रीय उपयोग गरी फोहरमैलाको यथोचित व्यवस्थापन अपरिहार्य भइसकेको छ।

# कर्मचारीलाई पुरस्कार वितरण

**टुडे समाचारदाता**

कलैया । बाराको सिमरा स्थित नेपाल विद्युत् प्राधिकण सिमरा वितरण केन्द्रले आफ्नो ३७ औं वार्षिकोत्सवको अवसरमा कर्मचारीलाई पुरस्कार वितरण गरेको छ।

केन्द्रले कर्मचारीबीच हाजिरिजवाफ,स्लो मोटरसाइकल रेस, म्युजिकल चेयर, टेबल टेनिसलगायतको खेलकुद आयोजना गरेको थियो। विभिन्न खेलकुदका विजेतालाई केन्द्रका प्रमुख रामु श्रेष्ठले पुरस्कार वितरण गरेका थिए।

कार्यक्रममा वितरण केन्द्रले करेन्ट लागेर मृत्यु भएका ज्ञानेन्द्र होजिदारको परिवारलाई सम्मान गरेको छ। विद्युत्को मर्मत गर्ने क्रममा करेन्ट लागेर केही वर्षअघि मृत्यु भएका परिवारलाई अमर विद्युत्कर्मी सम्मानबाट सम्मानित गरिएको सिमरा वितरण केन्द्रले जनाएको छ।




## मोटरसाईकल हरायो

जि. धनुषा जनकपुरधाम उपमहानगरपालिका-८, पिडारी चौक नजिक नेहा टेन्ट हाउस अगाडि पार्किङ्ग गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो/रातो रंगको पल्सर १५० सी.सी. मोटरसाईकल २०७९/०४/२६ गते राती करिब १०:०० बजे हराएको हुँदा फेला पार्नु हुनेले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु हुन अनुरोध छ।

सवारी धनीको नाम: हुलास इनभेष्टमेन्ट प्रा.लि. टेकु काठमाण्डु
प्रयोगकर्ता :- श्री भोगेन्द्र राउत
सवारी नं.: प्र-२-०२-००१-प-९८८८
इन्जिन नं. : DHYRKE65381
चेसिस नं. : MD2A11C49KPE28570
सम्पर्क नं. : ९८१७८४७९६५


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : धन बृद्धि सञ्चय। |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ट्रमा र इमरजेन्सी सेवा सञ्चालनमा

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्री भवानीप्रसाद खापुङले ललितपुरको गोदावरी नगरपालिका-५ मा अवस्थित आनन्दवन अस्पताल परिसरमा निर्मित अनन्दवन ट्रमा तथा इमरजेन्सी विङ सञ्चालनमा आएको छ।




बाल चिकित्सा र सुविधायुक्त एनआईसीयू, प्रसूति गृह, सर्जिकल वार्ड, दुर्घटनापछिको सूक्ष्म उपचार, क्रिटिकल केयर युनिट र इन्सेटिभ केयर युनिटसहितको सेवा तथा सुविधा दिने अभिप्रायका साथ अस्पताल परिसरमा उक्त विङ सञ्चालनमा आएको हो । नवनिर्मित भवनको उद्घाटन कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री भवानीप्रसाद खापुङले आनन्दवन अस्पतालले पु¥याएको सेवा र सुविधा धेरै महत्वपूर्ण भएको बताउनुभयो । हरेक वर्ष स्वास्थ्य उपचारका कारण चार लाख नेपाली गरिबीको रेखामुनि पुग्छन् । उपचार पनि अत्यन्त महँगो हुँदैगएको अवस्थामा यो अस्पतालले पुऱ्याएको सेवा र सुविधा अत्यन्तै महत्वपूर्ण छ', उहाँले भन्नुभयो ।

ज्ञान र चेतनाको अभावले कुष्ठरोगका बिरामीलाई विभेद गर्ने चलन रहेको स्मरण गर्दै मन्त्री खापुङले भन्नुभयो, "कुष्ठरोगका बिरामीलाई विभेद गर्ने कानून छ भन्ने पनि कुरा उठ्यो, अहिले त्यस्तो विभेदकारी कुनै कानून छैन, भएका कानून सबै हटाइसकिएको छ ।'

निवर्तमान सांसद नवराज सिल्वालले आनन्दवन अस्पतालमा स्नायु शल्यक्रियासम्बन्धी व्यवस्था नभएकाले त्यसको व्यवस्थापन गरिदिनका लागि स्वास्थ्यमन्त्रीसमक्ष आग्रह गर्नुभयो ।

जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुयाँलले ६० वर्षदेखि यस क्षेत्रका नागरिकलाई सेवा पुऱ्याएको आनन्दवन अस्पतालले ट्रमा सेन्टर र इमरजेन्सी सेवा स्थापना गरेकामा द लेप्रोसी मिसन र 'इटायर्ड टिम'लाई हार्दिक आभार व्यक्त गर्नुभयो । देशैभरका कुष्ठरोगका बिरामीलाई उपचार सेवा प्रदान गर्दै आइरहेको आनन्दवन अस्पतालले ललितपुरको दक्षिणी भेगका नागरिकको स्वास्थ्य उपचारमा महत्वपूर्ण सेवा पुऱ्याउँदै आइरहेको छ ।

महाङ्काल गाउँपालिकाका प्रमुख गणेशबहादुर केसीले दक्षिण ललितपुरका नागरिकलाई सेवा दिने सुविधासम्पन्न अस्पताल सरकारी तवरबाट स्थापना हुन नसकेको अवस्थामा आनन्दवन अस्पतालले महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो ।रासस

# निर्वाचन अपाङ्गमैत्री मनाउन माग



चितवन । यही मङ्सिर ४ गते हुने प्रतिनिधिसभा एवं प्रदेशसभा निर्वाचनलाई अपाङ्गमैत्री बनाउन जिल्लाका सबै राजनीतिक दलसमक्ष माग गरिएको छ । नेत्रहीन युवा सङ्घ नेपाल चितवन शाखाले जिल्लामा क्रियाशील राजनीतिक दललाई ज्ञापनपत्र बुझाउँदै अपाङ्गतामैत्री वातावरण बनाउन ध्यानाकर्षण गराएका हुन् ।

सङ्घका जिल्ला सचिव किरण पन्तका अनुसार नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), विवेकशील साझा पार्टी, राप्रपा र निर्वाचन कार्यालयमा ज्ञापनपत्र बुझाइएको हो ।

प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा अपाङ्गता भएका व्यक्तिले सहजै मतदान गर्न मिल्नेगरी व्यवस्था मिलाउनका लागि पहल गर्न दलको ध्यानाकर्षण गराइएको उहाँले बताउनुभयो । समानुपातिक निर्वाचन प्रणालीमा दलहरुले नाम सूचीकृत गर्दा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखिनुपर्ने, उनीहरुको हकअधिकारका बारेमा आफ्नो घोषणापत्रमा स्पष्ट उल्लेख हुनुपर्ने, मतदान गर्नका लागि अपाङ्गता भएका व्यक्तिलाई सहज वातावरण बनाइनुपर्नेलगायत माग ज्ञापनपत्र उल्लेख गरिएको छ ।

सङ्घकी जिल्ला कोषाध्यक्ष कोपिला केसीले मतदानस्थलमा स्वयंसेविका रुपमा कम्तीमा एक अपाङ्गता भएका व्यक्तिलाई समेत परिचालन गर्न दललाई सुझाव दिइएको बताउनुभयो ।

ज्ञापनपत्र बुझ्दै दलका नेताहरुले आगामी निर्वाचन अपाङ्गमैत्री बनाउन राजनीतिक दलहरुले प्रतिबद्धता जनाएका उहाँको भनाइ थियो ।

नेकपा एमालेका बाग्मती प्रदेश कमिटी सदस्य कृष्णप्रसाद भुर्तेलले एमालेले यसअघि पनि अपाङ्गका मुद्दालाई प्राथमिकतामा राखेर अगाडि बढेको र आगामी दिनमा पनि पहल गर्ने बताउनुभयो ।

नेपाली कांग्रेसका जिल्लासचिव सूर्य अर्यालले आफ्नो दल लोकतन्त्रमा आस्था राख्ने पार्टी भएकाले अपाङ्गमैत्री निर्वाचन गराउन पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । अपाङ्गका समस्या समाधान गर्न दलमार्फत निर्वाचन आयोगलाई दबाब दिने उनीहरुको भनाइ थियो ।रासस

# समानुपातिकको बन्दसूची बुझाउने क्रम सुरु

काठमाण्डु । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनअन्तर्गत समानुपातिक प्रणालीतर्फको बन्द सूची बुझाउने क्रम सुरु भएको छ।

सो प्रणालीका लागि आयोगको बहादुरभवन, कान्तिपथमा स्थापना भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा बन्दसूची बुझाउने क्रम सुरु भएको हो । उक्त सूची बुझाउन असोज २ र ३ गतेका लागि आयोगले समय निर्धारण गरेकाले आइतबार पहिलो दिन ठला दलबाहेक केही दलबाट मात्रै बुझाउने क्रम सुरु भएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले प्रतिनिधिसभा, प्रदेशसभाका लागि सूची बुझाउन आठ स्थल र १० कक्ष व्यवस्था गरी तम्तयारी अवस्थामा आयोग रहेको बताउनुभयो ।

आयोगले सो प्रणालीका लागि सचिव गोकर्णमणि दुवाडीलाई मुख्य निर्वाचन अधिकृत तोकेको छ। गत प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको कार्यकाल यही असोज १ गते राति १२ बजेदेखि स्वतः कायम नरहने स्पष्ट भएपछि प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल समाप्त भएको छ ।रासस

# महालक्ष्मी माविमा स्नातक कक्षा सञ्चालन गरिनुपर्नेमा जोड

ललितपुर । दश जोड दुई कक्षासम्म सञ्चालन हुँदै आएको श्रीमहालक्ष्मी माध्यमिक विद्यालयमा अब स्नातक तहको




कक्षा सञ्चालन गरिनुपर्नेमा सरोकार भएका व्यक्तिहरुले जोड दिएका छन् ।

उक्त विद्यालयको ७६औँ वार्षिकोत्सव तथा अभिभावक दिवसका अवसरमा उनीहरुले स्नातक तहसम्म अध्यापन गराउनका लागि तयारी गर्नुपर्ने आवश्यकता औँल्याएका हुन् । श्रीमहालक्ष्मी नगरपालिकाका प्रमुख हरिगोविन्द श्रेष्ठले यस विद्यायले स्नातक तहको कक्षा सञ्चालनका लागि पूर्वाधार तयार पारे नगरपालिकाबाट आवश्यक सहयोग गर्ने बताउनुभयो ।

उहाँले नगरपालिका क्षेत्रभित्र सामुदायिक विद्यालय, गुठीबाट सञ्चालित विद्यालय र निजी क्षेत्रका गरी ५८ विद्यालय रहेको र ती सबैलाई समेटेर शैक्षिक हव बनाउने नगरपालिकाको योजना रहेको बताउँदै विद्यालयहरुमा एकरुपताका लागि शैक्षिक महोत्सव पनि गरिने जानकारी दिनुभयो ।

वडा नं ८ का अध्यक्ष विश्वराज श्रेष्ठले नगरपपालिकाका सामुदायिक विद्यालयलाई व्यवस्थित गरिनेमा जोड दिँदै यस विद्यालयमा उच्च शिक्षासम्मको अध्यापनका लागि आवश्यक सहयोग उपलब्ध गराउन पहल गरिने आश्वासन दिनुभयो ।

प्रधानाध्यापक नीलप्रसाद दुलालले विद्यालयमा शिक्षाको स्तर बृद्धि गर्न र उच्च शिक्षाको अध्यापनका लागि अवश्यक शिक्षकका साथै पूर्वाधार विकासमा सहयोग उपलब्ध गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ई रामेश्वर श्रेष्ठ, पूर्वप्रधानाध्यापक नारायणलाल श्रेष्ठ, कपिल केसीलगायतले यस विद्यालयमा स्नातक तहसम्मको अध्यापन गराउनका लागि पहल गरिनुपर्ने, पाठ्यपुस्तक अध्यापनका साथै नैतिक शिक्षार संस्कारलाई जोड दिनुपर्ने र विद्यालयको स्तर बढाउन शिक्षकहरु कर्तव्यनिष्ठ हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नगरपालिकाको वडानं ८, ९ र १० मा रहेका सामुदायिक विद्यालयबाट उत्कृष्ट अङ्क ल्याउने छात्रछात्रालाई 'कृष्णप्रसाद आचार्य प्रतिभा पुरस्कार' प्रदान गरिएको थियो। सोही विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि देवेन्द्रनारायण श्रेष्ठद्वारा स्थापित 'हरिबहादुर श्रेष्ठ एक्सीलेन्ट अवार्ड', डा दयाराम श्रेष्ठद्वारा स्थापित 'खेलकुद पुरस्कार', मृगेन्द्र श्रेष्ठद्वारा स्थापित 'विज्ञान पुरस्कार 'सहित नर्सरीदेखि १२ कक्षासम्म उच्च अङ्क ल्याउने विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो ।

सोअवसरमाउक्तविद्यालयको व्यवस्थापन समितिको नेतृत्वमा रहेर उल्लेखनीय योगदान पुऱ्याउनुभएका नगरप्रमुख श्रेष्ठलाई अभिनन्दन पनि गरिएको थियो ।रासस

# निजगढमा नै विमानस्थल उपयुक्त हुने विज्ञ समूहको निष्कर्ष



काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवालाई अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा सरकारले गठन गरेको विज्ञ समूहले अध्ययन प्रतिवेदन हस्तान्तरण गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार आयोजित कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठको उपस्थितिमा विज्ञ समूहका संयोजक वीरेन्द्रबहादुर देउजाले प्रधानमन्त्री देउवालाई प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो ।

सर्वोच्च अदालतको परमादेशअनुसार पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न मन्त्रिपरिषद्को गत साउन २६ गतेको निर्णयानुसार गठित विज्ञ समूहले अध्ययन प्रतिवेदन तयार गरेको हो । नेपालको दूरगामी विकास तथा आर्थिक समृद्धिका लागि बढ्दो हवाई ट्राफिक धान्नसक्ने पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक रहेको विज्ञ समूहको निष्कर्ष छ।

प्रतिवेदनअनुसार पूर्ण क्षमताको अन्तरर्ाष्ट्रिय विमानस्थलका लागि उपयुक्त स्थान काठमाडौँ-तराई द्रुतमार्ग (फास्ट ट्र्याक) र पूर्वपश्चिम राजमार्गसँगै जोडिएको पसाहा नदी र बकैया नदीबीचको करिब नौ हजार हेक्टर क्षेत्रफलभित्रको करिब चार हजार हेक्टर क्षेत्र उपयुक्त रहेको छ । रुख कटानी तथा वातावरणीय क्षति न्यूनीकरण गर्न सर्वोच्च अदालतको आदेशलाई ध्यानमा राखी एयरपोर्ट सिटीको अवधारणालाई पूरै त्याग्नुपर्ने सुझाव विज्ञ समूहले दिएको छ।

रुख कटानी विभिन्न चरणमा गर्न सुझाव

करिब नौ हजार हेक्टर संरक्षण क्षेत्र घोषणा गरी विभिन्न चरणमा विमानस्थल निर्माण गर्ने गरी जम्मा करिब चार हजार हेक्टर क्षेत्रफलमात्र विमानस्थल निर्माणका लागि उपयोग गरिनेछ। बाँकी क्षेत्रमा भएका रुखको संरक्षणलगायत नदी कटान रोकथाम तथा अन्य आवश्यक संरक्षण कार्य विमानस्थल व्यवस्थापनले गर्नुपर्ने र पहिलो चरणमा करिब एक हजार पाँच सय हेक्टर क्षेत्रफलमा मात्र रुख कटानी गर्ने र बाँकी क्षेत्रमा दोस्रो चरण सुरु नभएसम्म रुख कटान नगर्न भनिएको छ।

वातावरणमा प्रतिकूल असर नपर्ने गरी वातावरणीय व्यवस्थापन योजना तयार गर्नेगरी सोको कानुनी विधि र प्रक्रिया पूरा गरी आवश्यक स्वीकृति प्राप्त गरी विमानस्थल निर्माण कार्य गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । वातावरण र विकासलाई सरकारले समुचित सन्तुलन तथा व्यवस्थापन गर्दै जानसक्ने अन्तर्राष्ट्रिय कानुन एवं सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेत रहेकाले देश विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न नेपालको संविधानले सरकारलाई संवैधानिक दायित्व दिएको प्रतिवेदनमा स्मरण गरिएको छ।

पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि आवश्यक जग्गा प्राप्त गरी प्रभावित सरोकारवालालाई कानूनबमोजिमको मुआब्जा, क्षतिपूर्ति तथा पुर्नवासको व्यवस्था गरी निर्माण कार्य गर्नु विज्ञ समूहको प्रतिवेदनमा उल्लेख छ । पर्सा राष्ट्रिय निकुञ्जको विस्तारित क्षेत्रभित्र हात्तीको प्रमुख जैविक मार्ग रहेको तर केही हात्ती निर्माणस्थलको नजिकै विचरण गर्न आउने क्षेत्र निर्माणस्थलभन्दा बाहिर रहेकाले सो क्षेत्रसमेत सरकारले संरक्षण गर्नसक्ने प्रतिवेदनमा भनिएको छ।

यस्तै चराचुरुङ्गीको हकमा लामो दूरीका अन्तर्राष्ट्रिय बसाइँसराइ गर्ने तथा हवाई दुर्घटनाका कारक हुनसक्ने ठूला प्रजातिका चरा (हाँस, चिल, गिद्ध)को मार्ग निर्माणस्थल नजिक नदेखिएको साथै नेपालका सङ्कटापन्न गिद्धको उपस्थिति पनि सो क्षेत्रमा न्यून रहेको प्रतिवेदनमा उल्लेख छ।

**अन्तर्राष्ट्रिय हवाई रुट दुईतर्फी गर्न सकिने**

पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तथा सञ्चालन भएपछि नेपालको हवाई आकाशमाथिबाट उड्नेगरी प्रस्तावित हिमालय-दुई रुट (काठमाडौँ-गुवाहाटी-कुनमिङ) र एल-६२६ (काठमाडौँ-महेन्द्रनगर दिल्ली)लाई दुईतर्फी गर्न सकिने तथा यसबाट युरोप, मध्यपूर्व, पूर्वी एशिया प्रशान्त क्षेत्रका मुलुकसम्म आउनेजाने दुईतर्फी अन्तर्राष्ट्रिय हवाई उडानको दूरी, समय र इन्धन खपत उल्लेखनीयरुपमा घट्न जाने र इन्धनको बचतबाट कार्बन उर्सजन कम हुन जाने प्रतिवेदनमा जनाइएको छ।

पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण जति ढिला भयो, उति महँगो र जटिल हुँदै जाने र नेपालको विकासको प्रतिफल ढिलो हुँदै जाने हुँदा विशेष अधिकार सम्पन्न विकास संस्था गठन गरी यसलाई समयबद्ध तवरले छिटो निर्माण गर्नुपर्ने सुझावसमेत विज्ञ समूहले दिएको छ।

प्रधानमन्त्री देउवाले विमानस्थल निर्माणमा ढिलाइ गर्न नहुने बताउनुभयो । निर्धारित समयमै विज्ञ समूहले अध्ययन गरी प्रतिवेदन बुझाएकामा प्रधानमन्त्री देउवाले धन्यवाद दिनुभयो। मन्त्री श्रेष्ठले विज्ञ समूहले दिएको प्रतिवेदनअनुसार काम अघि बढाउने बताउनुभयो।

पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य छिट्टै सुरु गरिने उहाँको भनाइ छ । हवाई पूर्वाधार विज्ञ वीरेन्द्रबहादुर देउजाको संयोजकत्वमा रहेको विज्ञ समूहमा अर्थशास्त्री रामेश्वर खनाल, विकास योजना विज्ञ डा सूर्यराज आचार्य, सहरी विकास विज्ञ प्रा डा सङ्गीता सिंह, वन्यजन्तु तथा वातावरण विज्ञ प्रा डा प्रेमबहादुर बुढा, वनस्पति तथा वातावरण विज्ञ प्रा डा सुरेशकुमार घिमिरे, समाजशास्त्री डा लछी सिंह, वरिष्ठ पाइलट कृष्णविक्रम पौडेल, वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवाली र हवाई रुट विज्ञ महेशकुमार बस्नेत सदस्य हुनुहुन्थ्यो ।रासस

# संविधान र सङ्घीयता कार्यान्वयनमा ठूलो उपलब्धि हासिल भएको छ

काठमाण्डु । नेपाली जनताको लामो सङ्घर्ष र बलिदानको उपलब्धिका रुपमा प्राप्त लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीता र सघीयतालाई संस्थागत गर्ने विषयमा संविधान जारी भएको आठ वर्षमा ठूलो उपलब्धि हासिल भएको छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणापछि भएको निर्वाचनबाट गठित सदनले विभिन्न राजनीतिक उथलपुथलका घटनाकाबीच संविधान अनुकूल बनाउन पर्ने सबै कानुनतर्जुमा गर्दै पूरा अवधि चल्नुलाई पनि उपलब्धिकारुपमा हेरिएको छ।

नेकपा (एमाले) संसदीय दलका प्रमुख सचेतक विशाल भट्टराई भन्नुहुन्छ, "यसबीचमा देखिएका केही अस्थिरता र व्यवधानलाई चिर्दै संसद् कानुन निर्माण गर्दै अघि बढ्न सफल हुनुलाई महत्वपूर्ण उपलब्धिकारुपमा लिन सकिन्छ।" उहाँले संविधानका सात वर्षमा भएका अभ्यास र स्थानीय तहको निर्वाचन परिणामलाई दृष्टिगत गरी राजनीतिक दलले त्यसबाट पाठ सिकेर आगामी दिनमा निष्ठावान्, कामकाजी र ऊर्जावान् उम्मेदवार दिन ध्यान दिन सुझाव दिनुभयो।



नेकपाएमालेसहितका कम्युनिष्ट पार्टीलाई जनताले बहुमतको सरकार निर्माण जनादेश दिएकामा दलभित्रको आन्तरिक झगडाले जनताको सार्वभौम सम्पन्न संसद् दुई पटक विघटन गरिए पनि जनताको दबाब र अदालतको निर्णयबाट पुनःस्थापना भएको थियो।

प्रमुख सचेतक भट्टराई भन्नुहुन्छ, "जनतालाई निराशा बाँडेर होइन, उत्साहित बनाएर जानुपर्छ, भविष्य उज्वल छ, देश निर्माण गर्न सकिन्छ, राजनीति दल र प्रणालीप्रति भरोसा राखेर विकास र समृद्धिको अभियानमा एकताबद्ध हुनुपर्छ।"

पूर्वमन्त्री हृदयेश त्रिपाठीले आवधिक निर्वाचन समयमा हुनु भनेको संविधान र सङ्घीयता कार्यान्वयनको प्रवल पक्ष भएको बताउनुभयो । उहाँले भन्नुभयो, "संविधानले उठाएका मुलभूत विषयलाई सम्बोधन गर्न जिम्मेवार राजनीतिक दलले ती मुद्दालाई निर्वाचन घोषणापत्रमा समेटेर अघि बढेमा नतिजा स्वस्थ्य जनक नै आउने छ।"

नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले मानवअधिकार, सामाजिक न्याय तथा मुलुकको भूपरिवेशका आधारमा वर्तमान संविधानलाई उत्कृष्ट संविधानकारुपमा ग्रहण भएको बताउनुभयो।

नेकपा (एमाले)का नेता प्रदीप ज्ञवालीले जनतालाई धेरै अधिकार प्रदान गरेको वर्तमान संविधान लोकतन्त्रको संस्थागत विकासका सन्दर्भमा ऐतिहासिक उपलब्धिको दस्तावेज भएको धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, "लोकतन्त्र आफैँमा निर्माण र सुदृढ हुँदै जाने प्रक्रिया हो । केही अवधिसम्म परिपक्क हुन दिनुपर्छ। संविधानले परिकल्पना गरेको समृद्ध, सुखी र सम्मुन्नत समाज निर्माण गर्नु हो। आगामी निर्वाचनले त्यसतर्फ अघि बढ्ने महत्वपूर्ण कार्यदेश दिनेछ।"

संविधान कार्यान्वयन र कानून निर्माणका हिसाबले सात वर्षको अवधि उपलब्धिमूलक बताउँदै नेता ज्ञवालीले संविधानसँग बाझिएका पुराना कानुनलाई संशोधन मात्र नभई नीति र कार्यक्रमसमेत सर्वसम्मतिले पारितको घटना सुनाउनुभयो।

नेकपा (माओवादी केन्द्र)का नेता वर्षमान पुनले संविधानमाथि सङ्कट र व्यवस्थामाथि चुनौती खडा भएको परिस्थितिमा सदन पूरा कार्यकाल चल्नु भनेको संविधान र लोकतान्त्रिक व्यवस्थाको जग बसेको पुष्ट्याइँ गर्छ भन्नुभयो।

उहाँले भन्नुभयो, "यसबीचमा राष्ट्रियता, स्वाधीनता र लोकतन्त्रका विषयमा महत्वपूर्ण काम भएकाले समग्रतामा सफल दिशातर्फउन्मुख छ।"रासस

# विधान कार्यान्वयनका लागि कांग्रेसले नै म्यान्डेट पाउछ : नेता सिंह

काठमाण्डु । नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले नेपालको संविधान कार्यान्वयनका लागि निर्वाचनबाटै कांग्रेसले नै म्यान्डेट पाउने बताउनुभएको छ।

लौहपुरूष गणेशमान सिंहको २५औँ स्मृति दिवसका अवसरमा गणेशमान सिह फाउन्डेसनले आइतबार आयोजना गरेको कार्यक्रममा उहाँले मौका पाउँदा संसद् विघटन गर्नेलाई भन्दा जनताले कांग्रेसलाई नै म्यान्डेट दिने उल्लेख गर्नुभयो । संविधानको सफल कार्यान्वयनका लागि आगामी मङ्सिर ४ गतेको निर्वाचनमा कांग्रेस नेतृत्वको गठबन्धनको जित निश्चित रहेको नेता सिंहको भनाइ थियो।

स्थानीय तहलाई बलियो बनाएर शिक्षा, स्वास्थ्य र रोजगारीका विषयमा जनतामा अनुभूति हुनेगरी काम गर्नुपर्नेमा जोड दिँदै उहाँले सत्तागठबन्धनमा अहिले सिट बाँडफाँडका बारेमा छलफल भइरहेकाले छिटै निकास निस्कने जिकिर गर्नुभयो।

"गठबन्धनमा रहेका सबै दललाई चित्त बुझाउने गरी सिट बाँडफाँट हुन्छ", उहाँले भन्नुभयो, 'सबैलाई चित्त बुझाएर अघि बढ्ने हो। रासस

## डिप्लोमा/प्रि-डिप्लोमा भर्ना सम्बन्धी सूचना

CTEVT, नेपालद्वारा सम्बन्धन प्राप्त यस मध्यमाञ्चल रिजनल इन्जिनियरीङ्ग कजेल प्रा.लि., जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० का लागि डिप्लोमा स्तरमा Diploma in Electrical & Elctronics Engineering, Diploma in Electrical Engineering and Diploma in Computer Engineering तथा Pre-Diploma स्तरमा Pre-Diploma in Civil Engineering and Pre-Diploma in Electrical Engineering मा खुल्ला (पूर्ण शूल्किय) कोटा अन्तर्गत केही सिट रिक्त रहेको हुँदा इच्छुक विद्यार्थीहरुले सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भत्र आवेदन पेश गर्नका लागि व्यहोरा जानकारी गराईन्छ।

MADHYAMANCHAL REGIONAL ENGINEERING COLLEGE
Dashrathnagar, Ramanand Chowk, Janakpur-08, Dhanusha
Tel.: +977-41-521991, Cell: 9869997641, 9854026555
Website: www.mrec.edu.np, email: mrec.jnk@gmail.com



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

## उदासीनताको शिकार मधेश

राजा देखि राणा काल हुँदै मुलुक प्रजातन्त्र देखि गणतन्त्र सम्मको यात्रा तय गरेको छ । यस बीचमा कयौं पटक भएको आन्दोलन विभेदकै विरुद्ध थियो । राणालाई हटाउन जनताले राजालाई सहयोग गरे, राजालाई हटाउन जनताले जनताकै छोरालाई सहयोग गरे । तर, मधेशलाई हेर्ने दृष्टिकोण भने परिवर्तन हुन सकेन । जनताकै छोरा विरुद्ध जनताकै छोराले समेत आन्दोलन गरे । जनताका छोराले जनताकै छोरामाथि बुलेट प्रहार गरे सयौंको ज्यान लिए तर, समस्या भने ज्युँका त्युँ छन् । आखिर किन र कहिले सम्म ? मुलुकमा संविधान दिवस मनाइ रहँदा मधेशमा भने अहिले पनि ती रापताप यथावत छ । जनताका छोराहरुले जारी गरेको संविधान प्रति जनतामा अहिले पनि हर्ष छैन् । जनताले संविधानमा अपनत्व पाएका छैनन् । केही यस्ता त्रुटिहरु छन् जसले आदिवासी, जनजाति, मधेशी, मुस्लिम लगायतका वर्गलाई घोच्दैछन् । संगै बसेर पनि मालिक र दास जस्तो मनस्थिति छ । हाम्रो मुलुक, हाम्रो संविधान र हामी यसै मुलुकको जनता जस्ता शव्दले समेत जनतामा एक प्रकारको विचलन छ । जिउँदै छु तर, न कामको न काजको जस्तो कोमा अवस्थामा पुगेका जनता आखिर यस्ता समस्या कहिले सम्म भोगि रहने । जनताको भावनालाई जनताका छोराहरुले आफ्ना सीमित स्वार्थकालागि कदर नगरेको मुलुकमा संविधान दिवस मनाएर पनि जनतामा उत्साह देखिएको छैन् । सरकारले संविधान दिवस मनाउने घोषणा संगै अपहेलित अधिकार विहीन मधेशीहरुले विरोध दिवस मनाउने घोषणा संगै मधेशका जनतामा अहिले पनि संविधानलाई लिएर खुशियाली र उत्साह आउन नसकेको स्पष्ट देखिन्छ । मधेशका जनता अहिले पनि प्रहरीले चलाएको गोली टाउकोमा लागेको कुरा विर्सन सकेका छैनन् । काठमाण्डु लगायत अन्य ठाउँमा आन्दोलन हुँदा पानीको फोहरा र मधेशमा बुलेटले देखिएको विभेदले समेत मधेशका जनता पीडित छन् । कम संख्यामा गएको मधेशी जनप्रतिनिधि संसदमा पुगेपनि बहुसंख्यकको अगाडि अल्पसंख्यक सांसादको बोली दवाएर राखिन्छ । सवै पार्टीका मधेशका जनप्रतिनिधिहरुको एक बोली नभएकै कारण लाखौ मधेशी जनता नागरिकतावाट बञ्चित छ । समय समयमा निर्धारण गरिएको आरक्षणमा समेट कटौती हुने गरेको छ । मधेशको मुद्दा सम्वोधन गराउने ठेक्का मधेशवादी दलकै छन् जो अन्य दलका मधेशी सांसदको वुझाई छ जसलाई परिवर्तन गर्नुपर्ने देखिन्छ । उनीहरुले पनि मधेशको मुद्दा सम्वोधन गराउनकालागि आफ्नो पार्टीभित्र आवाज उठाउनुपर्ने देखिन्छ । मधेशका छोराहरु मर्दा दुःख मनाउनुपर्ने ठाउँमा खुशियाली मनाउनेहरु तराई पहाड र हिमाल नेपालकै भूभाग हो र यसमा बस्ने सवै समान नेपाली हो भन्ने भावलाई अंगीकार गर्नु अपरिहार्य भई सकेको छ । त्यसैले संविधान दिवस होस वा अन्य कुनै दिवस त्यसको औचित्य त्यतिवेला सम्म सिद्ध हुँदैन् जतिवेला सम्म एक अर्का संग अपनत्व बोध हुँदैन् ।

# के गरीब ऋणी देशहरु चीनको टाउकाको भारी हुन् ?



श्रीमन नारायण

चीनियाँ राष्ट्रपति शी जिनपिगको महत्वाकांक्षी आथिृक तथा राणनीतिक परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तरगत लगानी गरिएका ऋण समयमै उठन सकने सम्भावना नदेखिएका कारण यो कतै स्वयम् चीनका लागि नै समस्या त हुने होइन ? भन्ने प्रश्न पनि उठिरहेका छन् । सँधै ऋणमै रहिरहने गरीब देशहरु चीनबाट बढी ऋण काढेका छन् । यी देशहरु चाहेर पनि समयमै ऋणको राशी चुक्ता गर्न सकिरहेका छैनन् । कतिपयलाई त ब्याजको राशी चुक्ता गर्न पनि समस्या भइरहेको छ । बीआरआई अन्तरगत लगानी गरिएका पैसाहरु समयमै फिर्ता आउने सम्भावना नदेखिएका कारण अब यसको असर चारैतिर देखापर्न थालेका छन् । सत्ताधारी चिनियाँ कम्युनिष्ट पार्टीभित्र पनि अब यस परियोजनाको संलग्नतामाथि आशंका ब्यक्त गर्ने काम भइरहेको छ । तर यसको निम्ति ती देशहरु मात्रै जिम्मेवार हुँदैनन अपारदर्शी तरिकाले ऋणको लगानी गर्ने देश चीन पनि त्यत्तिकै जिम्मेवार छ ।

अन्तरराष्ट्रिय ऋण सम्झौताका लागि गोनीयता आवश्यक छ भन्दै चीनले गोपनीय सम्झौतालाई त्यसमा शामिल गराइहाल्छ र आफ्नो विदेशी ऋणको बारेमा कसैलाई पनि जानकारी नै गराइरहेको हुँदैन । केही मिहिना अघि मात्रै पाकिस्तानका तत्कालिन प्रधानमन्त्री इमरान खानले आफूलाई चीन-पाकिस्तान इकोनोमिक करिडोर (सिपेक) अन्तरगतको ऋण सम्झौताबारे केही पनि जानकारी नभएको बताएका थिए । विश्वका अन्य कतिपय देशका शासकहरुको पनि यही गुनासो रहीआएको छ । नेपालले पनि बीआरआई को सहयोग अनुदान मात्रै भए लिइने तर ऋण भए त्यसलाई स्वीकार गर्न नसकिने बताएको छ । चिनीया ऋणमा चुर्लुम्म डुबेर दिवालिया भएको भएको श्रीलंकासित यसको कटू अनुभव छ ।

विश्व बैंक, एशियाली विकास बैंक र अन्तरराष्ट्रिय मुद्राकोष लगायतका वित्तीय संस्थाहरु र चिनिया ऋण दिने शर्तमा निकै अन्तर रहेको पाइन्छ । अन्तराष्ट्रिय ऋणको ब्याजदर १.५ प्रतिशतसम्म हुने गर्दछ जबकि चिनियाँ ऋण ४ प्रतिशत भन्दा कममा त उपलब्ध नै हुँदैन । यसैगरी अन्तरराष्ट्रिय ऋणको चुक्ता अवधि २५ देखि ३० वर्षको हुन्छ भने चिनियाँ ऋणलाई १० देखि १५ वर्ष भित्रै चुक्ता गर्नुपर्ने हुन्छ । समयभित्र ऋण तिर्न नसक्ने अवस्थामा अन्तरराष्ट्रिय ऋणलाई अनुदान लगायत विभिनन माध्यमबाट व्यवस्थापन गरिन्छ जवकि चीनलाई सम्बन्धित उपक्रमनै लामो समयसम्म हस्तान्तरण गर्नु पर्दछ ।

चिनिया लगानी प्राप्त गरेको श्रीलंका ऋण तिर्न असमर्थ भएका कारण हम्बनटोटा बन्दरगाहलाई ९९ वर्षका लागि भाडामा दिन वाध्य भएको छ । यदि चीनले कर्जा दिएको राष्ट्रबाट समयमै पैसा फिर्ता पाउन सकेन भने ति देशको महत्वपूर्ण सम्पत्तिहरुमा आफ्नो कब्जा जमाउने काम गरेको अन्य उदाहरणहरु पनि छन् । एककिसिमले चीन ती देशहरुको प्रमुख प्रतिष्ठानहरुलाई आफ्नो कब्जामा लिन ऋणको जालो प्रयोग गर्दै आएको छ । एक अध्ययनले त चीनले विकासशील देशहरुको ५० प्रतिशत ऋण ति देशहरुको आधिकारिक ऋण आंकडामा शामिल नै भएको पाइदैन । ४० प्रतिशत भन्दा बढी निम्न र मध्यम आय भएका देशरुमा चिनिया ऋण लिनेहरु छन् । यसरी अदृश्यरुपमा लुकेर ऋण काढेकाहरुकै कारण ति देशरुको कूल गार्ह्यस्थ उत्पादनको आकार १० प्रतिशत भन्दा बढी रहेको छ । जीबोटी, लाओस, जाम्बिया र किर्गिस्तान मीथ चीनको ऋण ति देशहरुको वार्षिक जीडिपीको कम्तिमा पनि २० प्रतिशतको नजिक रहेको छ । सन् २०२२ मा कम आय भएका देशहरुले चीनलाई आफ्नो कूल ऋणको ३७ प्रतिशत भुक्तान गरेका थिए जबकि बाँकी विश्वको दुइपक्षीय ऋणमा २४ प्रतिशतको तुलनामा चीनलाई उपरोक्त देशहरुको मनपर्दी ऋणदाता बनाउने काम गर्‍यो । चिनिया ऋण दिने शैली विश्वबैंक, आइएमएफ र पेरिस क्लब जस्ता पारस्पारिक र आर्थिक ऋणदातालाई पनि उछिनेर अगाडि बढिसकेको छ ।

विश्वभरिका १५० भन्दा बढी देशलाई प्रत्यक्ष ऋण तथा व्यापार ऋणमा लगभग १.५ ट्रिलियन डलरको लगानी गरेर चीन विकासशील देशहरुको सबैभन्दा ठूलो साहुमहाजन बन्न गएको छ । सन् २०२० सम्म चीनले निम्न र मध्यम आय भएका देशरुलाई एक हजार सात सय आठ ट्रिलियन डलरको ऋण लगानी गरेको थियो । जबकि सन् २०१० सम्मको आंकडा चालिस विलियन डलरकोमात्रै थियो ।

आफ्नो बेल्ट एण्ड रोड इनिसिएटिभको आधाभूत संरचनासित जोडिएका परियोजनाहरुलाई धन उपलब्ध गराउने गर्दछ । तर यस अन्तरगतका सहायताहरु पश्चिमेली सरकारहरुको तुलनामा बढी व्याजदरमा ऋण उपलब्ध गराउने गर्दछ ।

विश्व बैंक र चीनले ऋण प्रदान गर्ने गरेकाको तुलना गर्ने हो भने यसमा ठूलो अन्तर रहेको पाइन्छ । एकातिर चीनले प्रदान गर्ने ऋणको प्रकृति गोप्य हुने गर्दछ भने अर्कोतिर विश्व बैंकको ऋण आधिकारिक र सांख्यिकी दृष्टिकोणले पनि पारदर्शी हुने गर्दछ । जहाँसम्म ऋणको पुनर्भुक्तानको अवधिको कुरा हुन्छ चिनियाँ ऋणको अवधि १० वर्षको मात्रै हुन्छ जवकि विश्व बैंकको अवधि लगभग २८ वर्षको हुने गर्दछ । त्यसैगरी चिनियाँ ऋणको व्याजदर ४ प्रतिशत मात्रै हुन्छ जवकि विश्व बैंकले लिने ल्याजको दर्रा २.५ प्रतिशत मात्रै हुने गर्दछ ।

*विश्वभरिका १५० भन्दा बढी देशलाई प्रत्यक्ष ऋण तथा व्यापार ऋणमा लगभग १.५ ट्रिलियन डलरको लगानी गरेर चीन विकासशील देशहरुको सबैभन्दा ठूलो साहुमहाजन बन्न गएको छ । सन् २०२० सम्म चीनले निम्न र मध्यम आय भएका देशरुलाई एक हजार सात सय आठ ट्रिलियन डलरको ऋण लगानी गरेको थियो । जबकि सन् २०१० सम्मको आंकडा चालिस विलियन डलरकोमात्रै थियो । आफ्नो बेल्ट एण्ड रोड इनिसिएटिभको आधाभूत संरचनासित जोडिएका परियोजनाहरुलाई धन उपलब्ध गराउने गर्दछ । तर यस अन्तरगतका सहायताहरु पश्चिमेली सरकारहरुको तुलनामा बढी ब्याजदरमा ऋण उपलब्ध गराउने गर्दछ । विश्व बैंक र चीनले ऋण प्रदान गर्ने गरेकाको तुलना गर्ने हो भने यसमा ठूलो अन्तर रहेको पाइन्छ । एकातिर चीनले प्रदान गर्ने ऋणको प्रकृति गोप्य हुने गर्दछ भने अर्कोतिर विश्व बैंकको ऋण आधिकारिक र सांख्यिकी दृष्टिकोणले पनि पारदर्शी हुने गर्दछ । जहाँसम्म ऋणको पुनर्भुक्तानको अवधिको कुरा हुन्छ चिनियाँ ऋणको अवधि १० वर्षको मात्रै हुन्छ जवकि विश्व बैंकको अवधि लगभग २८ वर्षको हुने गर्दछ । त्यसैगरी चिनियाँ ऋणको व्याजदर ४ प्रतिशत मात्रै हुन्छ जवकि विश्व बैंकले लिने ल्याजको दर २.५ प्रतिशत मात्रै हुने गर्दछ ।*

प्रायः चीनका आलोचकहरु उसमाथि अरु देशको प्रमुख प्रतिष्ठानहरु माथि कब्जा जमाउने नीति रहेको आरोप लगाउने गर्दछन् तर यो आलोचना मात्रै होइन किनभने श्रीलंकाली बन्दरगाह हम्बनटोटा एउटा सशक्त उदाहरण पनि हो चिनियाँ ऋणबाट बनाइएको यस बन्दरगाहको ७० प्रतिशत शेयर अन्ततः चीनले नै लिने काम गर्‍यो । एक अन्य उदाहरण लाओस रेलवेको पनि हो जसलेगर्दा देशमाथि ऋणको भारी थोप्दै आएको छ र अन्ततः त्यसमा पनि ७० प्रतिशतको स्वामित्व चीनको भएको छ ।

कुनै जमानामा युरोपेली राष्ट्रहरुले गरिब राष्ट्रलाई आफ्नो ऋणको जालोमा पारेर ९९ वर्षसम्मका लागि ती देशका गौरवशाली प्रतिष्ठानहरुलाई आफ्नो नियन्त्रणमा लिने गर्दथे । त्यतिबेला त चीनले यसलाई साम्राज्यवाद विस्तारवादको र उपनिवेशवादको संज्ञा दिएर चर्को विरोध गर्ने गर्दथे र तिनका अनुयायी विश्वभरिकै कम्युनिष्टहरु त्यसलाई सोही किसिमले नामाकरण गर्ने गर्दथे । आज स्वयम् चीनले नै श्रीलंकाको हम्बनटोटा बन्दरगाहलाई ९९ वर्ष निम्ति आफ्नो नियन्त्रणमा लिँदा त्यसलाई कुन रुपमा परिभाषित गर्ने ? स्वयम् कम्युनिष्टहरुकै शब्दकोश यसको निम्ति कुन उपयुक्त होला ?

मध्य एसिया र पूवी सोभियत साम्राज्यका आर्थिक रुपले कमजोर कजाकिस्तान, उजवेकिस्तान, तुर्कमेनिस्तान जस्ता देशहरु सन् २०१३-१४ बाट बीआरआईमा संलग्न छन् तर हिसाव गर्दा देशको कूल जिडिपीको २५ देखि ५० प्रतिशतसम्म रकम चीनलाई ऋण चुक्ता गर्नमा नै खर्च गरिरहेका छन् अब ति देशहरु बीआरआईबाट पन्छिन खोज्दैछन् । त्यसैगरी जीबोटीले कूल जिडिपीको ७५ र लाओस, माल्दिभ्स, मङ्गोलिया र मोन्टेग्रो जस्ता देशहरु पनि आफ्नो कूल जिडिपीको ५० देखि ८० प्रतिशतसम्म ठूलो रकम चीनलाई ऋण चुक्ता गर्न खर्च गरिरहेका छन् । चिनिया ऋण सबैको निम्ति गलपासो सावित भइरहेको छ । अब त कतिपय देशहरुले यसको विरोध पनि गरिरहेका छन् । स्वयम् चीन पनि निरन्तररुपमा ऋणमै रहीरहने देशलाई सापट दिएर आफ्नो टाउकोमा पनि ठूलो भारी बोकिहिडेको अनुभूति गर्न थालेको छ ।

# व्यवस्थित परिवार हाम्रो अधिकारः हामी सबै जिम्मेवार



दीर्घराज श्रेष्ठ

नेपालमा परिवार नियोजन सेबा कार्यक्रमको सुरुवात भएको दिनलाई आधार मानेर प्रत्येक वर्ष सेप्टेम्बर १८(यस वर्ष असोज २ गते) का दिन नेपाल सरकार र परिवार नियोजनसँग सम्बन्धित संघसंस्थाहरुले देशब्यापी परिवार नियोजन दिवस मनाउदै आइरहेका छन। यस वर्षको परिवार नियोजन दिबसको नारा 'व्यवस्थित परिवार हाम्रो अधिकारः हामी सबै जिम्मेवार' रहेको छ। यसै सम्बन्धमा जानकारी दिनको लागि मदत पुगोस भन्ने दृष्टिकोणले यो लेख तयार गरिएको हो।

**व्यवस्थित परिवार र परिवार योजना**

व्यवस्थित परिवारलाई विभिन्न दृष्टिकोणबाट परिभाषित गर्न सकिन्छ। तर प्रजनन स्वास्थ्यको दृष्टिकोणबाट हेर्दा व्यवस्थित परिवार भन्नाले 'उपयुक्त वर्ष पुगेपछि (नेपालको सन्दर्भमा २० वर्षपछि) र आफ्नो क्षमता अनुसारको शिक्षा वा तालिम प्राप्त गरेपछि बिवाह गरेर, आफ्नो चाहना अनुसार सुसूचित छनौटको आधारमा आफनो लागि आश्यक बालबच्चा पाउने वा नपाउने, कहिले र कतिजना पाउने भनेर निर्णय गर्न सक्षम भएको, स्वस्थ्य यौन सम्बन्ध, लैङ्गिक समानता, परिवारका सदस्यहरुकाबीचमा राम्रो सम्बन्ध कायम राखेर स्वस्थ्य र गुणस्तरयुक्त जिवनयापनको लागि आधारभुत आवश्यकता पुरा गर्न सफल परिवारलाई जनाउँछ।' गर्भ निरोधका साधनहरु सम्बन्धी सूचना, शिक्षा, परामर्श र साधनहरुको उपयुक्त तरिकाले प्रयोग गरेर व्यवस्थित परिवार बनाउनका लागि महत्वपुण भुमिका खेल्दछ ।

**परिवार योजनाबाट हुने फाइदाहरु**

परिवार नियोजनलाई पहिला जनसंख्या वृद्धि रोक्नको लागि सुरु गरिएको थियो। यसको लागि त्यसबेलाका कार्यक्रमहरुले विभिन्न प्रलोभनहरु देखाएर सेवा लिन लगाइन्थ्यो र केहीलाई बाध्य पनि गरिन्थ्यो। तर पछि विभिन्न अन्तराष्ट्रिय सम्मेलनहरुले बच्चा पाउने वा नपाउने र कति जना पाउने भन्ने ब्यक्ति र दम्पतीको अधिकार कायम गरी गर्भ निरोधका सेवा लिनको लागि कसैलाई बाध्य बनाउन नहुने र कुनै प्रलोभन देखाउन नहुने निर्णय गर्‍यो ।

साथै पछिल्लो समयमा विभिन्न अध्ययन अनुसन्धानहरुले परिवार नियोजनले मातृ, नवजात शिशु, बाल तथा किशोर किशोरीहरुको मृत्यु दरमा कमी ल्याउनुका साथै यसले लैङ्गिक समानता, पुरुष र विशेष गरी महिलाहरुको स्वास्थ्य, शिक्षा, आर्थिक अवस्था एवं विकासमा सहयोग गरी परिवारको गुणस्तरीय जीवनयापन गर्न सहयोग पुर्‍याउने एउटा उत्कृष्ट माध्यम भएको प्रमाणित भएको छ। त्यसैले हाल परिवार नियोजनलाइ परिवार योजना वा व्यवस्थित परिवारको एउटा उपायको रुपमा लिने गरिएको छ। यो एउटा मानव विकासको लागि संचालन गरिने विभिन्न विकासका कार्यक्रमहरु मध्ये कम खर्चमा बढी लगानी दिने कार्यक्रम भएको पनि प्रमाणित भएको छ ।

**परिवार योजना र हाम्रो अधिकार**

परिवार योजनाबाट हुने विविध फाइदाहरुलाई ध्यानमा राखी विभिन्न अन्तराष्ट्रिय सम्मेलनहरुले परिवार योजनालाई प्रत्येक व्यक्ति र दम्पतिहरुको अधिकारको रुपमा अंगिकार गरी सो अनुरुप सरकारहरुलाई पालना गर्न अनुरोध गरेका छन्। परिवार नियोजनसहितको यौन तथा प्रजनन स्वास्थ्य अधिकार भन्नाले महिलाहरुले आफ्नो निर्णयको आधारमा स्वतन्त्रताका पुर्वक निर्णय गर्ने अधिकारलाई जनाउँछ ।

यसमा महिलाहरुलाई आफनो यौन तथा प्रजनन स्वास्थ्य र जिवनमा आफ्नो नियन्त्रण रहने र यस्ता कार्यहरु गर्दा कुनै प्रकारका जबर जस्ती, हिंशा, विभेद र दुर्ब्यबहारबाट मुक्त हुनु पर्दछ। यस्ता कार्यहरुले लैङ्गिक समानताको लागि महत्वपुर्ण भुमिका खेल्दछ । सर्वप्रथम १९६८ मा इरानको राजधानी तेहरानमा सयुक्त राष्ट्र संघको आयोजनामा भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले 'अभिभावकहरुलाई कति जना र कति अवधिको फरकमा बच्चा पाउने भन्ने बारेमा स्वतन्त्रता पुर्वक र जिम्मेवारीपुर्वक निर्णय गर्ने मानव अधिकार हुनेछ' भनेर निर्णय गरेको थियो। त्यसपछि, सन १९७९ मा सयुक्त राष्ट्र संघकै आयोजनामा भएको महिलाविरुद्द हुने सबै प्रकारका बिभेदहरुको अन्त्य गर्ने अधिवेशन, सन १९९४ भएको जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, सन १९९५ मा सम्पन्न बेइजिङ सम्मेलन र सन २०१९ मा भएको आइ.सी.पि.डी. २५ले परिवार नियोजन र मानव अधिकारको बारेमा थप ब्याख्या गरेर यसको पालना गर्नको लागि प्रत्येक राष्ट्रहरुलाई अनुरोध गरेका छन। आइ.सी.पि.डी.२५ ले सन २०३० सम्ममा विश्वमा गर्भ निरोधको अपरिपुर्त मागलाई शून्यमा झार्नको लागि प्रतिवद्धता जाहेर गरेको छ। नेपालले पनि यो लक्ष प्राप्त गर्नको लागि प्रतिवद्धता जाहेर गरेको छ। साथै अन्तर्राष्ट्रिय रुपमा सम्पन्न सभा, सम्मेलन र अधिवेशनहरुको निर्णय अनुरुप नेपालले पनि सोहीअनुरुप संविधानमा प्रजनन स्वास्थ्यलाई महिलाहरुको मौलिक हकको रुपमा उल्लेख गरेको छ। साथै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ तथा नियमावली २०७७ ले सबै ब्यक्तिले परिवार योजना सेवा सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। साथै यही ऐनले संघ, प्रदेश र स्थानीय सरकारहरुले आफ्नो वार्षिक बजेटमा परिवार योजना लगायत प्रजनन स्वास्थ्यको प्रयोजनको लागि आवश्यक बजेट बिनियोजन गर्नुपर्ने बारे जोड दिएको छ। नेपाल सरकारले आफ्नो ऐन र नियमावलीमा उल्लेख गरे बमोजिम आफ्नो नीति र निर्देशिकाहरुमा परिवार योजनालाई अधिकारको रुपमा थप ब्याख्या गरी यसको पालना गर्नको लागि प्रतिवद्धता जाहेर गरेको छ ।

*परिवार नियोजनलाई पहिला जनसंख्या वृद्धि रोक्नको लागि सुरु गरिएको थियो। यसको लागि त्यसबेलाका कार्यक्रमहरुले विभिन्न प्रलोभनहरु देखाएर सेवा लिन लगाइन्थ्यो र केहीलाई बाध्य पनि गरिन्थ्यो। तर पछि विभिन्न अन्तराष्ट्रिय सम्मेलनहरुले बच्चा पाउने वा नपाउने र कति जना पाउने भन्ने ब्यक्ति र दम्पतीको अधिकार कायम गरी गर्भ निरोधका सेवा लिनको लागि कसैलाई बाध्य बनाउन नहुने र कुनै प्रलोभन देखाउन नहुने निर्णय गर्‍यो। साथै पछिल्लो समयमा विभिन्न अध्ययन अनुसन्धानहरुले परिवार नियोजनले मातृ, नवजात शिशु, बाल तथा किशोर किशोरीहरुको मृत्यु दरमा कमी ल्याउनुका साथै यसले लैङ्गिक समानता, पुरुष र विशेष गरी महिलाहरुको स्वास्थ्य, शिक्षा, आर्थिक अवस्था एवं विकासमा सहयोग गरी परिवारको गुणस्तरीय जीवनयापन गर्न सहयोग पुर्‍याउने एउटा उत्कृष्ट माध्यम भएको प्रमाणित भएको छ। त्यसैले हाल परिवार नियोजनलाइ परिवार योजना वा व्यवस्थित परिवारको एउटा उपायको रुपमा लिने गरिएको छ।*

**नेपालमा परिवार नियोजनको अवस्था**

परिवार योजना नेपालको प्राथमिकता प्राप्त कार्यक्रमहरुमध्ये एक हो। यो आधार भूत स्वास्थ्य सेवाको एक भाग पनि हो। नेपालमा बिगतका दशकहरुमा गर्भ निरोधका साधनहरुको प्रयोग दर र कुल प्रजनन दरमा उल्लेख्य सुधार भएको छ। सन १९७६ मा रहेको परिवार योजनको प्रयोग दर ३.१ प्रतिशतबाट वृद्धि भएर सन २०१६ सम्ममा ५३ प्रतिशत (आधुनिक साधानः ४३) र कुल प्रजनन दर ६.१ बाट घटेर २.३ मा झरेको छ। कुल प्रजनन दर क्रमश कम भएता पनि गर्भ निरोधका आधुनिक साधन वा विधिहरुको प्रयोग दरमा भने विगत पन्ध्र वर्षको अबधिमा (सन २००६ देखि) विविध कारणहरुले स्थिरता देखा परेको छ। त्यसैगरी विशेष समूहहरु जस्तै विवाहित किशोरीहरु, सुत्केरी र गर्भपतनपछिको अवस्था, केही जातिय समुहहरु (जस्तैः मुस्लीम, दलित आदि), एउटा पनि बच्चा नभएका दम्पतीहरुमा परिवार योजनाको साधनहरुको प्रयोग दर राष्ट्रिय औषत दर भन्दा निकै कम छ। साथै अनिच्छित गर्भ र गर्भ निरोधका साधनहरुको अपरिपुर्त माग ज्यादै उच्च छ। यदि यही क्रम जारी रहेमा नेपालले सन २०३० सम्म दिगो विकासको लक्षको लागि निर्धारण गरेको गर्भ निरोधका साधनहरुकोप्रयोग दरलाई ६०५ पुर्‍याउने लक्ष्य पुरा गर्न कठिन हुने देखिएको छ।

**व्यवस्थित परिवार र परिवार योजनाको लागि हामी सबै जिम्मेवार**

परिवार योजना वा व्यवस्थित परिवार मौलिक हकको रुपमा स्थापित भएकोले यसलाई प्रत्येक ब्यक्ति र दम्पतीको पहुचमा पुरयाउनको लागि सूचना, शिक्षा, परामर्श र स्वास्थ्य सेवा पुर्‍याउनु सरकारको मुख्य दायित्व हो। हालको नेपालको संरचना अनुसार यसको लागि तीन तहकै सरकारहरुको आ-आफ्नै दायित्वहरु छन ।

विशेष गरेर नेपालको संविधान अनुसार स्थानीय सरकारलाई आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन गर्नको लागि जिम्मेवारी तोकेको हुनाले स्थानिय तहमा स्थितीको लेखाजोखा गरि आवश्यकता अनुसारको कार्यक्रमहरु संचालन गरि सबैको पहुंचमा गुणस्तरिय परिवार योजनाका कार्यक्रमहरु संचालन गर्ने महत्वपुर्ण जिम्मेवारी छ। त्यसैगरी संघ र प्रदेश सरकारहरुले आवश्यक नीति तथा निर्देशिकाहरु, तालिम, कार्यक्रम संचालनको लागि आवश्यक बजेट र प्राविधिक सहयोग गर्नु जरुरी छ। नेपालको परिवार योजना सम्बन्धी नीति र निर्देशिकाहरुले निजि स्वास्थ्य संस्थाहरुबाट पनि सबै प्रकारका गर्भ निरोधका साधन तथा सेवा प्रदान गराउने प्राथमिकता दिए पनि यो सेवाबाट आम्दानी धेरै नहुने भएकोले निजि स्वास्थ्य संस्थाहरु त्यत्ति धेरै आकर्षित भएको पाइन्दैन। हाल केही कार्यक्रमहरुले निजि क्षेत्रलाई आकर्षित गर्नको लागि विशेष कार्यक्रमहरु संचालन गरिरहेका छन र यस्ता कार्यक्रमहरुलाई सहयोग र सुदृढीकरण गर्नु आवश्यक छ। साथै हाल संचालनमा रहेको सामाजिक बजारीकरणमार्फत प्रदान गरिहेको सेवालाई अझ बढी सुदृढिकरण गर्न आवश्यक छ। यसको अतिरिक्त परिवार योजनाका सेवाहरुको पहुँचको वृद्धि, विशेषगरी सेवाको उपयोग नगरिरहेका सिमान्तकृत समूहरुको पहिचान गरी उनिहरुको लागि स्थानीय परिबेशको आधारमा समुदायमा आधारित ब्यवहार परिवर्तनको लागि संचार सहितका विशेष कार्यक्रम संचालन गर्न आवश्यक छ ।

यस्ता कार्यक्रमहरुले समुदायका किशोर किशोरीहरु, युवा, महिलाहरुको समूह, पुरुष, परिवारका अभिभावकहरु धार्मिक र समुदायका अगुवाहरु, शिक्षा, कृषि, बन, सहकारी, आदि क्षेत्रलाई पनि सहभागी गरेर कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ। परिवार योजना वा व्यवस्थित परिवार सबैको लागि आबश्यक भएकोले यसको जिम्मेवारी सरकारको मात्र नभएर निजि क्षेत्र, गैर सरकारी, नागरिक समाज र ब्यक्ति र दम्पतिहरुको समेत सबैको हुन्छ ।

*(३ दशक देखि प्रजनन स्वास्थ्य र परिवार नियोजन क्षेत्रमा कार्यरत श्रेष्ठ हेल्थ एण्ड डेभलपमेन्ट सोलुसन्सका कार्यक्रम निर्देशक हुन्।)*

# 'यसैवर्ष पाँच लाख भूमिहीनले जग्गासहितको लालपुर्जा पाउँछन्'

**हामीले राजनीतिक परिवर्तन त गर्‍यौं, तर प्रशासनिक परिवर्तन भने हुन सकेको छैन। प्रशासनिकलगायतका पुन:संरचना नहुँदा समस्या भएको छ। नागरिक माग्ने जस्तो राज्य दाता जस्तो अवस्थाको पनि अन्त्य भएको छ। पूर्जाको नाममा राजनीति हुन्थ्यो। त्यो पनि अन्त्य भएको छ। राज्यको कर्तव्य पूरा गर्न हामीले अभियान सञ्चालन गरेका छौँ।**

काठमाण्डु । सरकारको काम कारवाही कस्तो छ भन्ने विषयमा हेर्न देशभरका नापी र मालपोत कार्यालयमा गए हुन्छ भन्ने आम बुझाइ छ। ती निकायलाई सुधार गर्ने प्रयास नभएका पनि होइनन् तर, अपेक्षित प्रगति हुन नसकेको गुनासो अहिले पनि उस्तै छ। त्यसलाई सुधारका लागि प्रविधिको प्रयोग गरिएको छ। सरकारले देशभरका भूमिहीन, सुकुम्बासीलाई लालपुर्जा वितरणको प्रक्रिया पनि युद्धस्तरमा अगाडि बढाएको छ। चालु आवमा मात्रै पाँच लाख भूमिहीनलाई जग्गा उपलब्ध गराउने योजना छ। त्यसका लागि भूमि आयोगले काम गरिरहेको छ।

भूमिमा रहेको समस्या पूर्णरुपमा समाधान हुनेगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले काम गरिरहेको छ। यसै सन्दर्भमा सो मन्त्रालयको नेतृत्व सम्हालिरहनु भएका नेकपा (माओवादी केन्द्र) की नेत्री शशी श्रेष्ठसँग राष्ट्रिय समाचार समितिले लिएको अन्तर्वार्ताको सम्पादित अंश।

***यहाँले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्हालेको झण्डै वर्ष दिन भयो। यस बीचमा यहाँले सम्पादन गर्नुभएको कामलाई कसरी स्मरण गर्नुहुन्छ ?***

मैले यो मन्त्रालय सम्हालेको ११ महिना पूरा भयो। यो मन्त्रालय विशाल क्षेत्र ओगटेको मन्त्रालय रहेछ। बाहिर चर्चामा नहुने तर भूमिसँग जोडिएको विषय भएकाले हरेक नागरिक यसमा आएर ठोक्किन्छ। जनताको प्रत्यक्ष सरोकार राख्ने पनि भयो। सहकारी र गरिबी निवारण पनि यसैमा भएकाले झनै महत्वपूर्ण छ।

मेरो क्षेत्र यो थिएन। सचेत नागरिकका हिसाबले हरेक क्षेत्रमा चासो राख्नु एउटा विषय हो। थोरै ज्ञान राख्नु पनि एउटा विषय हो। जस्तो जिम्मेवारी दिइयो, त्यसलाई इमान्दारीपूर्वक बहन गर्नुपर्छ। आफ्नो जिम्मेवारी पूर्णरुपमा परिपालना गरेको खण्डमा मुलुक बन्न कुनै समय लाग्दैन। मैले यो मन्त्रालय सम्हालेपछि सबै विषयलाई राम्ररी बुझ्ने प्रयास गरें। गाह्रो ठाउँलाई पनि सहज बनाएर जानुपर्छ भन्ने सोचका साथ काम शुरु गरेँ। सकेजतिको राम्रो र देशहितको पक्षमा काम गर्ने प्रयास गरेको छु। जति सके छोटो समयमा राम्रो गर्ने प्रयास गरेको छु। के गर्दा जनताले प्रत्यक्ष परिवर्तनको अनुभूति हुन्छ भन्ने कोणबाट काम गरेको छु।

***तपाईले महत्वका साथ गाउँ ब्लकको जग्गाको समस्या समाधानका लागि विशेष पहल गर्नुभएको छ। यसलाई कसरी लिनुभएको छ ?***

मलाई बधाई दिने क्रममा महोत्तरीका साथीभाइ आउनुभयो। यो विषयलाई समाधान गर्न आग्रह गर्नुभयो। शुरुमा यो विषय मलाई थाहा थिएन। उहाँहरुले यस विषयमा समग्रमा नै जानकारी गराउनुभयो। यो समस्या नापी विभागसँग जोडिएको छ भन्ने पत्ता लगाएर काम शुरु भयो। कतिपय स्थानमा २०२१ सालमा भूमिसुधार हुँदा बाँकी रहेका सानासाना कित्ता नापी हुन बाँकी थियो। यसलाई गाउँ ब्लकको नाम दिइयो।

कहाँकहाँ छ त भनेर खोजी गर्दै जाँदा यो समस्या २५ जिल्लामा रहेछ। यो समस्या समाधानका लागि विशेष पहलका साथ काम शुरु भयो। त्यसका लागि बजेट र जनशक्ति पनि थिएन। थोरै खर्चमा भए पनि काम गरौँ भन्ने भएपछि यसलाई अगाडि बढाइयो। हालसम्म करिब ५० हजार नागरिकलाई जग्गाधनी प्रमाणपत्र वितरण भयो। पोखरा, चितवन, महोत्तरीमा प्रमाणपत्र वितरण भयो। ती नागरिकले आफ्नो छाप्रोमा मर्न पाइने भयो भनेर दिएको प्रतिक्रिया आफैँमा मन छुने खालको छ। भूमिहीनलाई कानूनी रुपमा जग्गाको मालिक बनाउने काम हामीले गरेका छौँ। हामीले राजनीतिक परिवर्तन त गर्‍यौं, तर प्रशासनिक परिवर्तन भने हुन सकेको छैन। प्रशासनिकलगायतका पुन:संरचना नहुँदा समस्या भएको छ। नागरिक माग्ने जस्तो राज्य दाता जस्तो अवस्थाको पनि अन्त्य भएको छ। पूर्जाको नाममा राजनीति हुन्थ्यो। त्यो पनि अन्त्य भएको छ। राज्यको कर्तव्य पूरा गर्न हामीले अभियान सञ्चालन गरेका छौँ।

***तपाईले खासरुपमा जोड दिएको क्षेत्र वा समूह स्मरण गर्नुपर्दा कुन क्षेत्र वा समूह र वर्गको हितका लागि काम गरेँ भन्ने ठान्नुहुन्छ ?***

राज्यले तल पारेका वा तल पिँधमा रहेका जनतालाई नै विशेष महत्व दिएर काम गरेको छु भन्ने लाग्छ। पाखा पारिएका समुदाय को को हुन् भनेर म लागेँ। हलिया, कम्लरी, हरुवा-चरुवा र भूमिहीनलाई पहिलो प्राथमिकतामा राखेँ। सुकुम्बासी, कमैयालाई यही बोलाएर छलफल गरे। केही विषयमा ऐन नै बनाइएको छ। तर, कानूनले काम गर्दैन। तुलनात्मक रुपमा थोरै व्यवस्थापन कमैयाको भएको पाएँ। त्यसमा पनि कतिपयको दर्ता नै नभएको अवस्था छ। परिचयपत्र प्राप्त नगरेको अवस्था पनि रहेछ। मुक्त घोषणा गरेपछि वैकल्पिक व्यवस्था हुन नसकेको अवस्था छ। हरुवा-चरुवाको अवस्था असाध्यै दयनय छ। तथ्यांकमा त राज्यले धेरै गरेको देखिन्छ। तर, अवस्था त्यस्तो थिएन। यर्थाथताको खोजी गरियो। संघ, प्रदेश र स्थानीय सरकारले के के गर्नुपर्ने हो, त्यसको सिफारिश गर्ने लक्ष्यका साथ प्रतिवेदन तयार भएको छ। त्यो कार्यावयनको चरणमा छ। २०५८ सालमा कमैया मुक्ति भएपनि व्यवहारमा केही भएको छैन। प्रतिवेदन अनुसारको कार्यान्विनयनका लागि आवश्यक प्रबन्ध गरिएको छ।

***तपाईले यो मन्त्रालय सम्हालेपछि पछाडि पारिएका समुदायको हितमा काम गरेँ भन्न खोज्नु भएको हो ?***

हो, गुठीलगायत, हलिया, कमैया, सुकुम्बासीको हितका लागि काम गरेँ। संविधानमा लेखिएको अधिकारको व्यावहारिक कार्यान्वयनका लागि नै काम शुरु गरेँ। सिन्धुलीको दुधौली नजिकको मुसहर, डोम समुदायलाई जग्गाधनी प्रमाणपत्र वितरण गरियो। पश्चिममा वादी समुदायबाट शुरु गरियो। राजनीतिक तरलताका रहे पनि नियमित रुपमा काम भइरहेको छ। उनीहरुलाई जमिनको मालिक बनाइएको छ। यो अभियान देशभर नै राष्ट्रिय अभियानका रुपमा चलेको छ। मेरो प्राथमिकता भूमिहीन सुकुम्बासी र भूमिहीन दलित नै हो। अव्यवस्थित वसोवासीको पनि काम भएको छ। टाउको ओत्ने ठाउँ पनि नभएकालाई विशेष प्राथमिकतामा राखिएको छ। कार्ययोजना नै बनाएर काम भएको छ। सातै प्रदेशका मन्त्रीलाई बोलाएर समस्या समाधानका लागि पहल भएको छ। सङ्घीय सरकारले गर्नु पर्ने कामको पहिचान गरेर प्रक्रिया अगाडि बढाइएको छ। प्राविधिक शिक्षा प्रदान गर्ने सन्दर्भमा पनि मन्त्रालयले काम गरेको छ। यो सँग सँगै विषादीयुक्त खानाको आयात रोक्नका लागि पनि काम भएको छ। तल रहेका मानिसहरुको हितका लागि अर्थ मन्त्रालयसँग बजेटको पहल भएको छ। प्रधानमन्त्रीको अध्यक्षतामा संयन्त्र बनाएर अगाडि बढ्ने प्रयास गरिएको छ। गरिबीसँग जोडिएका विभिन्न कार्यक्रम विभिन्न मन्त्रालयमा रहेकाले त्यसलाई एकीकृत गरियो। त्यसले नतिजा दिन्छ। भूमिको समुचित व्यवस्थापन गरेर उत्पादकत्व बृद्धि गर्ने विषयमा महत्वपूर्ण प्रयास भएको छ। श्रम सहकारी लाई पनि सहकारीको सिद्धान्त अनुसार सञ्चालन गर्ने , उत्पादनको क्षेत्रमा केन्द्रीत गरेर जाने कार्यक्रम बनाइएको छ।



शशि श्रेष्ठ, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री

गरिब परिचयपत्रलाई राज्य सुविधा परिचयपत्रको रुपमा वितरण गर्ने गरी प्रक्रिया अगाडि बढाइएको छ। महोत्तरीको बर्दीबासमा अभियानको रुपमा नै शुरु भएको छ। स्वास्थ्य बीमा, शिक्षा वा राज्यले दिने सबै सुविधा यो निरन्तर चल्ने अभियान हो। यही हिसाबबाट निरन्तर लाग्न आयोगलाई भनिएको छ। चालु आवको बजेट र कार्यक्रममा प्रष्टरुपमा भनिएको छ।

यो आवमा ३०० पालिकामा पाँच लाखलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने भनिएको छ। त्यही अनुसार कार्ययोजना बनाउनु पर्‍यो। कुन महिनामा के काम गर्ने भनेर स्पष्ट मार्गदर्शन गर्नुपर्‍यो। सम्झौता, लगत संकलन सत्यापन कहिले गर्नेलगायत कसरी गर्ने, कुन प्रक्रिया कहिले गर्ने भनेर योजना ल्याउनुस भनियो। त्यसअनुसार आयोगले योजना बनाएर ल्यायो। सबै पालिकामा सम्झौता गर्ने काम सकिएको छ। अब समय लाग्दैन। नीति कार्यक्रममा नै दुई वर्षमा समस्या समाधान गर्ने लक्ष्य राखिएको छ।

***विगतमा पनि आयोग वा समिति धेरै स्थापना गरिएका थिए। तिनले केही पनि काम गरेका रहेनछन् भन्ने तपाईको आशय हो ?***

यसअघि भूमिसम्बन्धी समस्या समाधानका लागि २२ वटा आयोग वा समिति गठन भएको रहेछ। कसैले सेतो पूर्जा पाए, कसैले बतासे पूर्जा पाएको अवस्था छ। हातमा पूर्जा छ, जमिन छैन। यस्तो खालको अवस्था अन्त्य गर्न, जुनुसुकै आयोग आओस्, सरकार ढलोस् तर पूर्जा भने अकाट्य हुने गरेर बनाइएको छ।

यो आँखामा छारो हाल्ने कुरा हो र ? भोटसँग साट्ने आफ्नो मान्छे कहाँ छ भनेर खोजेर हिंड्ने आयोगले काम गर्न सक्थ्यो ? आयोग त भूमिहीन दलित, सुकुम्बासीका लागि हो।

लामो समयसम्म काम गर्न नसकेकै कारणले सो आयोगलाई विघटन गरिएको हो। त्यसमा कुनै राजनीतिक आग्रह पूर्वाग्रह राखिएकै छैन। अहिले त मैले कोही नछुटुन्, कोही नदोहोरिऊन् भनेको छु। जो वास्तविक सुकुम्बासी छन्, त्यहाँ राजनीतिक रङ्ग लगाउन पाइँदैन। गैरसुकुम्बासीलाई दिनु हुँदैन। वास्तविक सुकुम्बासी छुट्नु हुँदैन।

***काठमाण्डु उपत्यकाका सुकुम्बासीको व्यवस्थापनका लागि नागाजुर्नमा आवास पनि निर्माण गरिएको थियो। त्यो आवासमा के कति कारणले उनीहरुको व्यवस्थापन हुन सकेन ?***

त्यो आवासमा गएर उनीहरु किन बसेनन् भन्ने कुराको खोजी गरिनुपर्छ। अथवा राखिएन, त्यो पनि हेरौं। के भएको हो भनेर खोजी गरौं भनेको छु। राज्यले उनीहरुलाई शिक्षा, स्वास्थ्य, आवास र रोजगार दिनुपर्छ। त्यो राज्यको दायित्वभित्र पर्छ। जमिन मात्रै दिएर हुँदैन। अन्यत्र पनि घर बनाएर सुकुम्बासीको व्यवस्थापन गर्नुपर्छ। जमिन भनेको त सीमित प्राकृतिक साधन हो। आवाससम्बन्धी नयाँ सोच विकास गर्नुपर्छ।

सुकुम्बासी, भूमिहीनका लागि मात्रै नभई हामी सबैका

**नागरिकले परिवर्तनको अनुभूति गर्ने निकायका रुपमा यी निकायलाई नै लिइन्छ। यसमा स्थानीय तहलाई जिम्मेवार बनाउन लागिएको छ। टोकन प्रणाली शुरु भएको छ। प्रविधिलाई सहज बनाउन केही समय लाग्छ नै। तर पनि काम शुरु भइसकेको छ। नागरिकले पनि आफ्नो हुने काममा किन घुस दिने ? बरु एक दिन ढिला भएपनि कुनै पैसा नर्दिर नै काम गर्ने परिपाटीको विकास गर्नुपर्छ। घुस लिने र दिने दुवै अपराधी हुन्। घुस लिने क्रम रोकिएको छैन। नापी र मालपोत कार्यालयमा स्थानीय तहको डेस्क राखिएको छ। यो भनेको संविधान कार्यान्वयन गर्ने विषय पनि हो। त्यस खालको सेवा शुरु गरिएको छ। कर्मचारीले धेरै चलखेल गर्न नसक्ने अवस्था सिर्जना गरिएको छ।**

यसैमा आवद्ध गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय तहले के के गर्ने भन्ने बारेमा पनि स्पष्ट कार्ययोजना तय भएको छ।

***तपाईले महत्वपूर्ण योजना अगाडि सारेको बताइरहँदा ती विषयलाई कार्यान्वियन गर्न के कसरी अगाडि बढ्ने सोच बनाउनुभएको छ। समयसीमाका हिसाबले त असाध्यै कम समय छ यहाँसँग ?***

सरकार भनेको अविच्छिन्न उत्तराधिकार प्राप्त भएको संस्था हो। आज म छु, हिजो कोही हुनुहुन्थ्यो। विगतमा भएका राम्रा काम कस्ले गर्‍यो भनेर नहेर्नुहोला। काम के भयो त्यो हेर्नुपर्छ। यो मन्त्रालयमा आउने जो कोही मन्त्रीले पनि गतिलो कामलाई अगाडि बढाउनुपर्छ। सिंगो देशको मन्त्री बन्न सक्नुपर्छ। मैले तयार पारेको राम्रो कामलाई आगामी दिनमा पनि निरन्तरता दिइन्छ भन्ने लाग्छ। दीर्घकालीन प्रभाव पार्ने योजना तयार भएको छ। अल्पकालीन, मध्यकालीन र दीर्घकालीन हिसाबले समस्या समाधान गर्ने लक्ष्य राखिएको छ। केही काम सम्पन्न भइसकेको छ। केही काम निरन्तर जारी छ। हाम्रोमा केहीको के सोच छ भने सबै मैले नै जानेको छु, सर्वज्ञता जस्तो हुने प्रवृत्ति छ। आगामी दिनमा आउनेले पनि हाल बनेको योजनालाई समृद्ध, परिस्कृत बनाउँदै कार्यान्वयन गर्नेछ भन्ने विश्वास लिएको छु। छोटो समय छ भन्ने हुँदैन। जति समय हो, त्यस अनुसार काम गर्नुपर्छ।

***तपाईको मन्त्रालय मातहत नै रहेको भूमि व्यवस्था आयोगले के कस्तो काम गरिरहेको छ। आयोगको कामप्रति तपाईको मूल्याङ्कन कस्तो छ ?***

आयोगले सबै पालिकामा सम्झौता गर्ने काम करिब करिब सम्पन्न गर्न लागेको छ। आयोगका साथीहरु देश दौडाहाको अभियानमा हुनुहुन्छ। मैले स्पष्ट रुपमा भनेको छु, तपाईहरुले यो वा त्यो रुपमा लामो समय लगाउने भन्ने हुँदैन। जो साँच्चै भूमिहीन, सुकुम्बासी र दलित हुनुहुन्छ, उहाँहरु समस्यामा हुनुहुन्छ। अघाएकाले डाँडा पारी खाउँ भन्छ भने, भोकाएकाले डाँडा वारि खाउँ भन्छ। कतियले अहिले किन लालपुर्जा बाँढ्नुपर्‍यो, चुनावको बेलामा भन्छन्। यो चुनावका लागि गरिएको होइन। जुन भोटको राजनीति होइन। मलाई भोट देऊ म पूर्जा दिन्छु भन्ने अवस्था रह्यो, यो त्यसो होइन। एउटा मालिक र अर्कोलाई दास बनाउने कुराको अन्त्य गर्नुपर्छ। कुरा हो र ? त्यो त धोकाधडी हो। विगतको पूर्जालाई पनि यसैमा मिलाएर अगाडि बढाइएको छ। निर्वाचनको समय भनेर यो रोकिदैन। पूर्जालाई विगतमा भोटको राजनीति गरेको अब यो पूर्ण रुपमा अन्त्य हुन्छ। दुई वर्षभित्र भूमिसँग जोडिएका सबै काम सक्ने भनेर अगाडि बढेको छ। आयोगलाई यही तबरले निर्देशन गरिएको छ।

अहिले पनि समस्या छ, सम्झौता गर्न नआइदिने, स्थानीय तहलाई धेरै अधिकार दिइएको छ। उनीहरुले चासो नराख्ने अवस्था छ। फलानोको पालामा दिइयो, किन दिने भन्ने पनि देखिएको छ। जश फलानोले पाउँछ भन्ने कोणबाट पनि लिइएको छ। जनताले पाउने कुरामा कुन दल सम्वद्धले दियो भन्ने होइन। यो राष्ट्रिय अभियान हो, रोकिनु हुन्न। भूमिसम्बन्धी समस्या समाधान गर्ने हाम्रो प्रतिवद्धता हो। हामी पूरा गर्छौ।

***आयोग गठनका सम्बन्धमा पनि प्रश्न उठाइएको छ। अघिल्लो आयोगलाई काम गर्न दिइएन, सबैलाई लालपुर्जा वितरण गर्ने चरणमा पुगेको थियो। वर्तमान सरकार आएपछि रोकियो भनेर आरोप लगाउने गरिएको छ। के अवस्था त्यस्तै पाउनु भयो ?***

आयोगले कति काम गरेको थियो, त्यसले मूल्याङ्कन गरौँ। आयोगले सबै काम गरेको थियो, पूर्जा मात्रै वितरण गर्न बाँकी थियो पनि भनियो। पूर्जा बाड्ने त कुरै छाडौँ, पूर्जा बाड्नका लागि तयारीको एउटा मात्रै काम भएको रहेछ भने त्यो देखाइदिओस्। मैले आयोगले के के काम गरेको छ भनेर विवरण मागे। पूर्जा बाड्न शुरु गरौँ न त भनेर बोलाए। तर, केही काम नै भएको रहेनछ। तीनतीन पटक पत्राचार गरियो। तर, केही आएन। सामान्य लगत सङ्कलनको काम मात्रै भएको रहेछ। निस्सा दिने काम पनि भएको रहेनछ। सबै विवरण हेर्दा त भइहाल्छ नि। पूर्जा तयार हुनका लागि त कयौं चरण पूरा हुनुपर्छ।

सार्वजनिकरुपमा सूचना प्रकाशित गरेर विवरण माग्दा सामान्य काम भएको विवरण त केबल २७ वटा स्थानीय तहबाट मात्रै आयो। शुरु चरणको कामबाहेक अघिल्लो आयोगले केही पनि काम गरेको थिएन। त्यसकारण कुनै पनि काम नगरी हल्ला मात्रै गरिएको थियो। दुई वर्षमा काम गर्दा केही पनि भएको थिएन। त्यो बेला निस्सा समेत बाँडिएको थिएन। पछिल्लो छ महिनामा भएको जति पनि काम दुई वर्षको बीचमा हुन सकेको थिएन। लागि भूउपयोग नीति कार्यान्वयनमा ल्याइएको छ। त्यो ऐन कार्यान्वयन हुन नदिन अनेक बखेडा झिकिएको थियो। ठूलो प्रयास गरेर त्यसलाई कार्यान्वयनमा ल्याइएको छ। भूमिको समुचित व्यवस्थापन हुनुपर्छ। कहाँ खेती गर्ने, कहाँ घर बनाउने, कसरी औद्योगिक क्षेत्रको व्यवस्थापन गर्नेलगायतका विषयमा स्पष्ट हुनुपर्छ। अहिले पनि हामीले खेतीयोग्य भूमिलाई बचाउन सकेनौं भने हाम्रो भविष्य राम्रो छैन। कङ्क्रिटको जङ्गल मात्रै हुनेछ। भूमिहीन, सुकुम्बासीलाई जग्गा वितरण गर्दा पनि यसमा जोड दिनुपर्छ।

***नापी र मालपोत कार्यालयलाई घुस नखुवाई काम नै हुँदैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुससहित पक्राउ गरेका कर्मचारीको विवरणले पनि यही देखाउँछ। नेपाली नागरिकले ती निकायबाट बिना अवरोध सरल रुपमा कसरी र कहिले काम हुने वातावरण बन्ला ?***

यो कुरा सही हो। नेपाली नागरिकले ती निकायबाट बिना अवरोध सरल रुपमा काम गर्न सक्ने दिन आउँछ, आउने क्रम शुरु भइसकेको छ। जुन रुपमा हुनुपर्ने हो, त्यो हुन सकेको छैन। यसलाई हामीले प्राविधिको माध्यमबाट आर्थिक कारोबार पनि बैंकको माध्यमबाट हुने व्यवस्था मिलाइएको छ। लगनखेल र कलंकीबाट कर्मचारी सञ्चय कोषले गर्ने जग्गाको रोक्का र फुकुवा गर्जे प्रक्रिया शुरु भएको छ। ढिलासुस्ती र अन्य खालको चलखेलको अन्त्यको प्रयास भएको छ। नापी र मालपोत कार्यालयमा पनि अनलाइन प्रविधिबाट काम हुने व्यवस्था गरिसकिएको छ। सरल र सहज बनाउने प्रयास गरिएको छ।

नागरिकले परिवर्तनको अनुभूति गर्ने निकायका रुपमा यी निकायलाई नै लिइन्छ। यसमा स्थानीय तहलाई जिम्मेवार बनाउन लागिएको छ। टोकन प्रणाली शुरु भएको छ। प्रविधिलाई सहज बनाउन केही समय लाग्छ नै। तर पनि काम शुरु भइसकेको छ। नागरिकले पनि आफ्नो हुने काममा किन घुस दिने ? बरु एक दिन ढिला भएपनि कुनै पैसा नर्दिर नै काम गर्ने परिपाटीको विकास गर्नुपर्छ। घुस लिने र दिने दुवै अपराधी हुन्। घुस लिने क्रम रोकिएको छैन। नापी र मालपोत कार्यालयमा स्थानीय तहको डेस्क राखिएको छ। यो भनेको संविधान कार्यान्वयन गर्ने विषय पनि हो। त्यस खालको सेवा शुरु गरिएको छ। कर्मचारीले धेरै चलखेल गर्न नसक्ने अवस्था सिर्जना गरिएको छ।

***आज सिष्टम चलेको छैन भनेर सेवाग्राहीलाई दुःख दिने क्रम त अनलाइन प्रविधि शुरु भएपछि पनि भएकै छ ? यसलाई नियमन र अनुगमन गर्ने प्रणाली कस्तो विकास गर्नुभएको छ ?***

'सिष्टम' चलेन भनेर काममा अवरोध गरेको छ नै। 'सिष्टम'लाई नै काम नलाग्ने बनाइयो भन्ने जनगुनासो पनि आएको छ नै। हामी आएपछि त्यसलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ। हिजोको जस्तो समस्या छ जस्तो लाग्दैन। सिष्टमलाई अपग्रेड गरिएको छ। थोरै प्राविधिक कारणले गर्दा शतप्रतिशत रुपमा सुधार पूरा हुन पाएको छैन। गत असार मसान्तमा नै त्यो काम हुनुपर्ने थियो। सामान नआइपुग्दा हुन पाएन। अब केही समयभित्रै पूरा हुन्छ। मेशिन जडानका लागि खरिद प्रक्रियामा गइसकेको छ। विद्युत् आपूर्ति नै भएन भने त अर्को कुरा। तर, सामान्यतया प्रणालीमा समस्या नआओस् भनेर नै ध्यान दिइएको छ। सेवाग्राहीले दुःख नपाउने गरी काम हुने वातावरण सिर्जना गरिएको छ।

***भूउपयोग नीतिका कारण विकास निर्माणको काम रोकिएको भन्ने गुनासो पनि आएको छ। सो नीतिको उद्देश्य परिपूर्ति हुने अवस्था पनि कमजोर देखिएको छ ? यसलाई कसरी लिनुभएको छ ?***

गलत मनसायका साथ हल्ला चलाइएको छ। त्यो शतप्रतिशत गलत हो। कहाँ रोकियो भनेर त आउनु पर्‍यो नी। कुनै कुरा रोकिएको छैन। हिजो विभिन्न खालका चलखेल गरेर खान पल्केकाले चलखेल गर्न नपाएपछि यस्तो हल्ला चलाएका हुन्। उनीहरुले छिद्र खोज्नका लागि गरिएको प्रचार हो यो। केही प्राविधिक समस्या भएपनि हामीले निर्देशन दिइसकेका छौ। लगत कट्टा गर्ने कुराले जलविद्युत्लगायत कुनै पनि आयोजनाको काम रोकिएको छैन। त्यस्तो गर्नु भनेर कही कतै भनिएको छैन। ऐन नियम, निर्देशनमा त्यस्तो छैन। यो बाहाना हो।

भूउपयोग नीतिका बारेमा नै धेरै मानिसले बुझेका छैनन्। यो अपवाह हो। बुझ्दै नबुझी चलाइएको हल्ला हो। यसमा कुनै सत्यता छैन। कहीँ कतै पनि रोकिएको छैन। कहीँ कतै व्यवधान पनि छैन। हिजो पनि थिएन। सरासर गरे हुने काममा रोकेको हुन सक्छ। मलाई पनि गुनासो आयो।

नगर भनेको कुरा किन गरेको भनेर निर्देशन दिइसकेको छ। कित्ताकाट नै रोकेको छ भनेर हल्ला गरिएको छ। हामीले रोकेको होइन, खोलिएको छ। खेती गर्ने ठाँउमा घर नबनाउ, खानी भएको ठाउँमा बस्ती नबसाउ भनेर त विगतमा पूर्वजले नै भनेका थिए। कृषियोग्य र गैर कृषि योग्य छुट्याउने कुरा हाम्रा पूर्वजले भनेको होइन। विगतमा हामीले टनका टन अन्न विदेश निर्यात गर्दथ्यौँ। आज तीन खर्ब बढीको खाद्य पदार्थ आयात गर्छौं।

बागबजारमा किसानले कत्रा कत्रा काउली फलाउँथे। आज यो एकादेशको कथा भयो। हामीले आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने, खाद्यान्नमा पनि आत्मनिर्भर हुने भनेर कागजमा लेखेर मात्रै हुन्छ र ? त्यसका लागि प्रयास गर्नुपरेन। जे जे हाम्रा साधन र स्रोत छन्, त्यसको समुचित विकास गर्नु पर्ने कि नपर्ने ? संविधानमा त्यो विषय लेख्ने तर, कार्यान्वयन नगर्ने प्रवृत्ति देखा परेको छ। धेरै ढिलो भएको छ। भूमाफियाको चंगुलका कारण समस्या पैदा भएको छ। यसमा सबैभन्दा बढी जिम्मेवार स्थानीय तहका जनप्रतिनिधि हुनुपर्छ। कुनै स्थानीय तहले कृषि योग्य जमिनलाई गैरकृषियोग्य भनेर छुट्याएको भए तत्काल त्यसमा सुधार गर्नुपर्छ।

देशभर सार्वजनिक जग्गामाथिको अतिक्रमण पनि उत्तिकै बढेको छ। कानून कार्यान्वयन गराउने भन्दा पनि कानूनको छिद्र खोजेर त्यस्ता जग्गा हडप्ने प्रवृत्ति पनि उस्तै छ, यसलाई कसरी नियन्त्रण गर्न सकिएला ?

सरकारी जग्गामा नक्कली झगडिया देखाएर वा सार्वजनिक गुठी जग्गाको नाममा अतिक्रमण भएको छ। त्यसका लागि स्थानीय र जिल्ला तहबाट विवरण लिनुपर्छ भनेर परिपत्र गरियो। तर, हालसम्म १५ भन्दा बढी जिल्लाबाट विवरण आएको छैन। म मन्त्री हुने बित्तिकै अगाडि बढाएको यो काम हालसम्म पनि अगाडि बढेको छैन। काठमाडौँ उपत्यकाभित्रै पनि धेरै स्थानमा यस्तो अवस्था छ।

***सहकारीमा निक्षेप हराउने, बन्द हुने, सञ्चालक भाग्ने क्रम पछिल्ला दिनमा वृद्धि भएको छ, यसलाई कसरी नियन्त्रण गर्न सकिएला ?***

सहकारी भनेको कुरा के हो भन्ने कुरा पहिले बुझ्नुपर्छ। एकका लागि सबै सबैका लागि एक भन्ने मूल्यमा नचल्दा र बैंकका रुपमा स्थापना गर्न खोजिएका कारणले समस्या देखिएको हो। सदस्य केन्द्रीत नहुँदा समस्या आएको हो। सहकारी त्यसैको मूल्य मान्यता अनुसार चल्नुपर्छ। अरु गर्ने छुट छैन। वचत तथा ऋण सहकारीले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्छ। घर घडेरी किन्नका लागि वचतकर्ताको पैसा लगानी गरिएका कारण यो समस्या बढी शहरमा देखिएको छ। सहकारीको सिद्धान्त अनुसार काम गर्नेले समस्या भोग्नु परेको छैन। कूल ४० हजार सहकारीमध्ये दुई चार वटामा समस्या देखिएको हो। यसलाई कडा कारवाही गर्न हामीले प्रयास गरिसकेका छौ। सहकारीका समस्या आउन नदिन हामीले स्पष्ट निर्देशन दिइसकेका छौं। त्यसका लागि ३५ बुँदे निर्देशन जारी गरिसकेका छौँ। सही मार्गमा ल्याउन कार्ययोजना बनाइसकेका छौँ। बचतकर्ताको बचतको सुरक्षा गर्ने अभियान चलाइसकेका छौँ।

***ओरन्टल, सिभिल सहकारीको जस्तो समस्याको पुनरावृत्ति हुँदैन भन्ने केही आधार छ ?***

हो, अब हामी सोही दिशामा लागेका छौँ। त्यसमा पनि गौतम श्रीको अलिक फरक छ। ओरन्टलको पनि फरक छ। सिभिलको फरक छ। लुनिभाको फरकफरक खालका समस्या छ। उनीहरुले सहकारीको मूल सिद्धान्तका काम नगरेका कारण समस्यामा परेका हुन्। उनीहरुलाई सही मार्गमा ल्याउन हामी लागिपरेका छौँ।रासस

## कोरोनाबाट ३५ जनाको मृत्यु

**सिन्ह्वा**

मनिला। फिलिपिन्समा आइतबार थप २,३६७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

यो सँगै दक्षिणपूर्वी एसियाली देशमा पुष्टि भएका सङ्क्रमणका घटनाहरूको संख्या ३,९२०,६९३ पुगेको छ।

स्वास्थ्य विभागले सक्रिय सङ्क्रमणको संख्या २६, ४०१ पुगेको जनाएको छ।

यसैगरी ३५ जनाको सङ्क्रमणको जटिलताबाट मृत्यु भएको छ। हालसम्म सङ्क्रमणबाट मृत्यु हुनेको संख्या ६२, ५४९ पुगेको छ।

## सडक दुर्घटनामा २७ जनाको मृत्यु, २० घाइते


**सिन्ह्वा**

गुइयाङ। दक्षिणपश्चिम चीनको गुइझोउ प्रान्तमा आइतबार बिहान बस दुर्घटना हुँदा २७ जनाको मृत्यु हुनुका साथै अन्य २० जना घाइते भएका स्थानीय प्रहरीले जनाएको छ।

सठचालिस जना सवार बस सान्डु शुई क्षेत्रको राजमार्गमा गुडिरहेको बेला दुर्घटना भएको जिल्लाको सार्वजनिक सुरक्षा ब्यूरोले जनाएको छ।

# पूर्व राष्ट्रपति कारजाईद्वारा पन्जशीरमा भएको हत्याको निन्दा

**सिन्ह्वा**



काबुल । अफगानिस्तानको पञ्जशीर प्रान्तमा हत्याका घटनामा निरन्तर वृद्धि भइरहेका बेला पूर्व राष्ट्रपति हमिद कारजाईले यस क्षेत्रमा नेशनल रेसिस्टेन्ट फोर्सेज (एनआरएफ) र इस्लामिक इमिरेट्स अफ अफगानिस्तानबीच भएको झडपका लागि तालिवानको आलोचना गर्नुभएको छ।

पूर्व राष्ट्रपति हामिद कारजाईले हालै एक वक्तव्य प्रकाशित गर्दै तालिबान र राष्ट्रिय प्रतिरोध बल (एनआरएफ) बीचको झडपबारे आफ्नो मौनता तोड्नुभएको हो। "विगतको तीतो अनुभवले स्पष्ट रूपमा सङ्केत गरेको छ कि रक्तपात र युद्ध कहिल्यै समाधान होइन, तर यसले थप भयाबह र विनाश ल्याउँछ, खामा प्रेसले पूर्व राष्ट्रपति हामिद कारजाईको आफ्नो फेसबुक पेजमार्फत सार्वजनिक विज्ञप्तिलाई उद्धृत गरी लेखेको छ।

सेप्टेम्बर १५ मा भियनामा अफगानिस्तानका राजनीतिज्ञहरूबीच तीन दिने छलफल सुरु भएपछि कारजाईको यो भनाइ आएको हो। नेसनल रेजिस्टेन्स फ्रन्टका नेता अहमद मसूदले अफगानिस्तानको मुद्दा राजनीतिक निर्णयबाट मात्र समाधान गर्न सकिने बताउनुभएको छ।

भियना बैठकमा नेसनल रेजिस्टेन्स फ्रन्ट (एनआरएफ) का नेता अहमद मसूद, पूर्व विदेशमन्त्री डा रङ्गिन डाडफर स्पान्टा, महिला अधिकारकर्मी तथा शान्ति वार्ताका लागि अफगान प्रतिनिधिमण्डलका पूर्व सदस्य फाउजिया कोफी र नर्वेका लागि पूर्व अफगानी राजदूत शुक्रिया बारेकजाईलगायत सहभागी हुनुहुन्छ।

खामा प्रेसका अनुसार अफगानीहरूको दुर्दशा, आर्थिक प्रणालीको पतन, बालिकाहरूको शिक्षाबाट बञ्चित हुनु, सञ्चारमाध्यमका गतिविधिहरूमा प्रतिबन्ध, र तालिबान शासनअन्तर्गत आतङ्कवादी समूहहरूको गतिविधिमा वृद्धि संयुक्त राष्ट्रसंघको कार्यालयमा छलफलको मुख्य विषयहरू बनाइएका थिए।

अन्तर्राष्ट्रिय आँकलनअनुसार अफगानिस्तानमा अहिले सबैभन्दा धेरै आपतकालीन खाद्य असुरक्षामा रहेका छ। यहाँ दुई करोड ३० लाखभन्दा बढीलाई सहायताको खाँचो छ र करिब ९५ प्रतिशत जनसङ्ख्यामा खाद्यान्नको अपर्याप्तता छ।

अफगानिस्तान पुनर्निर्माणका लागि संयुक्त राज्य अमेरिकाका विशेष महानिरीक्षकको एक प्रतिवेदनअनुसार अफगानिस्तानमा दुई करोड ४४ लाखभन्दा बढी मानिसलाई मानवीय सहायताको खाँचो छ।

प्रतिवेदनमा तालिबानले आफ्नो देशमाथि कब्जा जमाएको र अन्तर्राष्ट्रिय सहायतामा आएको कटौतीका कारण मानवीय सङ्कट बढ्दै गएको छ। अहिले करिब ७० प्रतिशत अफगानीले दैनिक रुपमा आफ्ना आधारभूत आवश्यकता पूरा गर्न असमर्थ रहेको उल्लेख गरिएको छ।

# पूर्व ब्याट्सम्यान नरेश क्यानडाको राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा

काठमाण्डु। नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्व ब्याट्सम्यान नरेश बुढाऐर क्यानाडा राष्ट्रिय क्रिकेट टिमको बन्द शिविरका लागि टिममा परेका छन्।



क्यानडाका मूख्य प्रशिक्षक पुबुदु दसानायकेले उनलाई राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा बोलाएका हुन्।

तीन वर्ष क्यानडामा बसोबास गरेपछि नरेश क्यानडाको राष्ट्रिय टोलीबाट खेल्न योग्य भएका छन्। नरेशले सन् २०१४ मा नेपाली राष्ट्रिय टिमबाट टी-२० विश्वकप खेलेका थिए। त्यतिबेला नेपालको प्रशिक्षक दयानायके थिए।

उनले नेपाली टिमबाट चार टी-२० र ६ लिस्ट एका खेल खेलका थिए। नरेश टिममा छनोट भएमा क्यानडाको राष्ट्रिय टिममा पर्ने पहिलो नेपाली हुनेछन्। क्यानडाको बन्द प्रशिक्षणमा पुग्ने नरेश पहिलो नेपाली पनि हुन्।

नरेशले सन् २०१९ देखि नेपाली क्यानेडियन क्रिकेट क्लबबाट खेल्दै आएका छन्।

हालै नरेशले मिसिसाउगा क्रिकेट लिगमा नाइट सिसीविरुद्धको खेलमा एनसिसीका लागि २१० रन बनाएका थिए।

यस्तै गत असारमा नरेशले नेपालविरुद्ध खेलेका थिए। आइसिसी विश्वकप लिग-२ अन्तर्गको सिरिजको तयारीका लागि क्यानडा पुगेको नेपालले स्थानीय ओन्टारियो टिमसँग अभ्यास खेलेको थियो। त्यतिबेला नरेशले ओन्टारियोबाट खेलेका थिए।

# अजरबैजानले गरेको 'अवैध' आक्रमणको पेलोसीद्वारा निन्दा

**एएफपी**

यारावान। अमेरिकी सभामुख न्यान्सी पेलोसीले अजरबैजानले आर्मेनियामा गरेको 'गैरकानुनी' आक्रमणको निन्दा गर्नुभएको छ।



बाकु र यारावानले मङ्गलबार सीमामा भएको झडपमा २०० जनाभन्दा बढीको ज्यान जाने गरी भएको झडपका लागि एकआपसमा आरोप लगाएका छन्।

पेलोसीले यारावानमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, " अति आवश्यक शान्ति सम्झौताको सम्भावनालाई खतरामा पार्ने गरी भएको आक्रमणको अमेरिकी कांग्रेसको तर्फबाट हामी कडा शब्दमा भर्त्सना गर्दछौं।'

अर्मेनियाली भूमिमा अजरबैजानले गरेको अवैध र घातक आक्रमणपछि सुरक्षामा ध्यान केन्द्रित गरिएकाले हाम्रा लागि अर्मेनियाको विशेष महत्व छ।'

पेलोसीले उक्त आक्रमण अर्मेनियाको सार्वभौमिकतामाथिको आक्रमण भएको बताउनुभयो।

अर्मेनियाली संसदका सभामुख एलेन सिमोन्यानले संयुक्त राज्य अमेरिकाको मध्यस्थताका कारण ककेसस (युरेसियाको ब्ल्याक सी र क्यासपियन सी) क्षेत्रका कट्टर शत्रुहरुबीचको द्वन्द्व बिहीबार रातदेखि अन्त्य भएको बताउनुभएको छ।

यसअघि रूसले युद्धविरामका लागि गरेको प्रयास असफल भएको थियो। पेलोसीसँगै आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "मध्यस्थताबाट भएको युद्धविरामको सम्झौताका लागि हामी अमेरिकाप्रति आभारी छौं।'

# सिन्ध प्रान्तमा एकैदिन नब्बे हजार बढीको उपचार

**एएनआई**

इस्लामावाद। अविरल वर्षाका कारण आएको बाढी र त्यसबाट प्रभावित भएका पाकिस्तानको सिन्ध प्रान्तका ९० हजार जनालाई एकैदिन जलजन्य रोगको उपचार गरिएको छ।



प्रान्तीय स्वास्थ्य विभागका अनुसार गत बिहीबार बाढी प्रभावित ९२ हजार सात सय ९७ नागरिकलाई जलजन्य सङ्क्रामक रोगबाट जोगाउन चिकित्सासेवा प्रदान गरिएको हो।

सोही दिन १७ हजार नौ सय ७७ जना झाडाबान्ताका, २० हजार ६४ जना छालाका रोगी र २८ जना डेङ्गुका रोगी थपिएका विभागले जनाएको छ। बाढी प्रभावित क्षेत्रमा स्थापना गरिएका अस्थायी र घुम्ती अस्पतालबाट हालसम्म २३ लाख बिरामीले सेवा लिएका छन्।

पाकिस्तानका विभिन्न भागमा आएको बाढीमा परी एक हजार पाँच सय आठ जनाको मत्यु भएको छ। बितेका २४ घण्टामा थप २२ जनाको ज्यान गएको छ। सोही अवधिमा नौ जना घाइते भएका छन्। बाढीमा परी घाइते हुनेको सङ्ख्या १२ हजार सात सय ५८ पुगेको छ। बाढीबाट ३० अर्ब डलर बराबरको भौतिक सम्पत्ति नष्ट भएको छ।

संयुक्त राष्ट्रसङ्घ र सरकारले तापक्रम वृद्धिमा भएको बढोत्तरीले वर्षा भएको र त्यसले भीषण बाढी निम्त्याएको बताएका छन्। पाकिस्तानका विदेशमन्त्री बिलावल भुट्टोले जलवायु परिवर्तनका कारण पाकिस्तानले भोगेको समस्या अन्य देशले पनि सामना गर्नुपर्ने परिस्थिति उत्पन्न हुनसक्ने बताउनुभएको छ।

धनी देशले जलवायु परिवर्तनको जिम्मेवारी लिनुपर्ने बताउनुभएको छ। आफ्नो देशमा परेको अविरल वर्षाको प्रभावलाई उल्लेख गर्दै उहाँले सिन्धमा एक सय किलोमिटर चौडा ताल बनेको र त्यसले आवासीय क्षेत्रमा असर गरेको बताउनुभयो।

# अविरल वर्षा र बाढीका कारण १५ सयभन्दा बढीको मृत्यु

**सिन्ह्वा**

इस्लामावाद। पाकिस्तानमा मध्य जुनदेखि हालसम्म जारी अविरल वर्षाका कारण आएको बाढीमा परी मृत्यु हुनेको कुल सङ्ख्या एक हजार पाँच सयभन्दा बढी पुगेको छ। यस प्रकोपमा परी १२ हजारभन्दा बढी घाइते भएका राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले जनाएको छ।

एनडीएमएले शनिबार साँझ जारी गरेको प्रतिवेदनअनुसार देशमा छुट्टाछुट्टै वर्षा वा बाढीसम्बन्धी दुर्घटनामा ज्यान गुमाउनेमा पाँच सय ५२ बालबालिका र तीन सय १५ महिला रहेका छन्।

देशको दक्षिणी प्रान्त सिन्ध सबैभन्दा बढी प्रभावित क्षेत्र भएको छ। यहाँ यस प्रकोपमा परी छ सय ७८ व्यक्तिको मृत्यु भएको बताइएको छ।

त्यसपछि उत्तरपश्चिम खैबर पख्तुनख्वा र दक्षिणपश्चिम बलुचिस्तान प्रान्त छन् जसले क्रमशः तीन सय ६ र दुई सय ९९ जनाको मृत्यु भएको जनाइएको छ।

यसबाहेक, पाकिस्तानका विभिन्न भागहरूमा १९ लाख ४३ हजार नौ सय ७८ घर ध्वस्त भएका र नौ लाख ४३ हजार नौ सय नौ पशुधनको मृत्यु भएको जनाइएको छ।

यस मौसमी वर्षा र बाढीकोकारण १२ हजार सात सय ३५ किलोमिटर लामो सडक र तीन सय ७५ पुलमा क्षति पुगेको उल्लेख गरिएको छ।

यसका अतिरिक्त ८१ जिल्ला र अनुमानित तीन करोड ३० लाख ४६ हजार तीन सय २९ मानिस बाढीबाट प्रभावित भएका एनडीएमएले सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ।

बाढी प्रभावित क्षेत्रमा एनडीएमए, अन्य सरकारी संस्था, स्वयंसेवी र गैरसरकारी संस्थाद्वा उद्धार र राहतकार्य जारी रहेको छ।

# आकाशमा दुई विमान ठोक्किदा तीन जनाको मृत्यु

**सिन्ह्वा**

लस एन्जलस। संयुक्त राज्य अमेरिकाको कोलोराडो राज्यमा दुई वटा साना विमान आकाशमा ठोक्किदा तीन जनाको मृत्यु भएको छ।

शनिबार भएको उक्त दुर्घटनाको वोल्डर काउन्टी शेरिफको कार्यालयले पुष्टि गरेको छ। बेग्लाबेग्लै स्थानमा विमानका भग्नावशेष भेटिएका काउन्टी शेरिफको कार्यालयले बताएको छ।

एउटा विमानमा दुई जना र अर्कोमा एक जनामात्र सवार थिए। युएस नेशनल ट्रान्सपोर्टेशन सेफ्टी बोर्डले दुर्घटनाको अनुसन्धान थालिएको जनाएको छ।

# सिरियाको हैजा नियन्त्रणबाहिर छैन-स्वास्थ्य मन्त्री

**सिन्ह्वा**

दमासकस। सिरियाली सरकारले यहाँका विभिन्न भागमा फैलिएको हैजा नियन्त्रणबाहिर नरहेको बताएको छ।

सिरियाली स्वास्थ्य मन्त्री हसन-अल घबासले यहाँस्थित संयुक्त राष्ट्रसङ्घीय प्रतिनिधि र अन्य अन्तरराष्ट्रिय संस्थाका प्रतिनिधिसँगको भेटका क्रममा शनिबार सो कुराको जानकारी गराउनुभएको हो।

सिरियाका विभिन्न स्थानमा हैजाको प्रकोप फैलिएको थियो। त्यसपछि यहाँको सरकारले सफा पानी उपलब्ध गराउनुका साथै सरसफाइका लागि यहाँका नागरिकलाई सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरेकाले यहाँको हैजाको प्रकोप नियन्त्रणभन्दा बाहिर जान नपाएको जानकारी गराउनुभएको थियो।

सिरियामा केही दिन यतादेखि हैजाको प्रकोप फैलिएको प्रति संयुक्त राष्ट्रसङ्घका साथै यहाँ कार्यरत विभिन्न अन्तरराष्ट्रिय सङ्घसंस्थाले चासो राखेपछि उहाँले सो जानकारी गराउनुभएको हो।

गएका केही हप्तादेखि यहाँ हैजाको प्रकोप बढेको थियो। यहाँका केही भू-भागमा फैलिएको यो हैजाका ५३ जना सङ्क्रमित भेटिएका थिए। साथै हैजाबाट यहाँका सात जनाको ज्यान पनि गएको सरकारले जनाएको छ।

यो अवस्था आएपछि संयुक्त राष्ट्रसङ्घ र यहाँका अन्य संघसंस्थाले हैजाको नियन्त्रणका लागि आवश्यक उपाय अपनाउन भनेका थिए।

# कारबाहीका क्रममा अल-सेबाबका ४३ लडाका मारिए



**सिन्ह्वा**

मोगादिसु। मध्यसोमालियाको एबोरे क्षेत्रमा गरिएको कारबाहीका क्रममा यहाँ हिंसा मच्चाइरहेका अल सेबाबका कम्तीमा पनि ४३ जना लडाका मारिएको बताइएको छ।

सोमाली राष्ट्रिय सेनाले गरेको कारबाहीका क्रममा ती सैनिक मारिएका अधिकारीले जनाएका छन्। अल-सेबाबका लडाकाले उक्त क्षेत्रमा केही समय यतादेखि हिंसा मच्चाइरहेको सूचनाका आधारमा यहाँको सेनाले गएराति हवाई कारबाही गरेको थियो।

उक्त कारबाहीका क्रममा शनिबार राति ती लडाका मारिएका यहाँको राष्ट्रिय रेडियो, एसएनए रेडियोले जनाएको छ।

एबोरे क्षेत्रको बुला बार्ता जिल्लामा अल-सेबाबका लडाकाले आश्रय लिएर तालिम केन्द्र सञ्चालन गरेको सूचना यहाँको सूचना मन्त्रालयले प्राप्त गरेपछि यहाँको सेनाले सो आक्रमण गरी कारबाही थालेको र शनिबार रातिको सो कारबाहीका क्रममा ती लडाका मारिएको बताइएको छ।

त्यस कारबाहीका क्रममा उनीहरुको आश्रयस्थल नष्ट भएको र केही लडाका घाइते भएका पनि बताइएको छ।

यहाँको सरकारले आतङ्ककारी घोषणा गरेको सो अल सेबाब समूहका विरुद्धमा सोमालियाको सेनाले केही हप्तादेखि प्रतिरक्षात्मक कारबाही थालेको छ।

सो कारबाही यहाँको सेनाले यहाँका केही सामुदायिक समूहसँग मिलेर गरेको पनि सेनाले जनाएको छ।

एबोरे क्षेत्रमा अल सेबाबले आफ्नो तालिम केन्द्र सञ्चालनमा ल्याएको बताइएको छ। सो क्षेत्रमा उनीहरुको बढी मात्रामा प्रभाव रहेकाले सरकारले यस क्षेत्रमा हमला गर्ने गरेको बताइएको छ।

# किर्गिज-ताजिक भिडन्तमा मृत्यु हुनेको सङ्ख्या ३६ पुग्यो

**एएफपी**

किर्गिस्तान। ताजिकिस्तानसँगको हालैको सीमा झडपमा कम्तिमा ३६ जनाको मृत्यु भएको किर्गिस्तानको स्वास्थ्य मन्त्रालयले आइतबार जानकारी दिएको छ।

मध्य एशियाका छिमेकीबीचको पछिल्लो सयम हिंसा बढेको छ। (किर्गिज) बाटकेन क्षेत्रमा सशस्त्र द्वन्द्वको परिणाम स्वरूप मृत्यु हुनेको कुल सङ्ख्या ३६ र अन्य एक सय ३४ जना घाइते भएका मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ।

मन्त्रालयले यसअघि दिएको जानकारीमा मृत्यु हुनेको संख्या २४ पुगेको थियो। ताजिकको आन्तरिक मन्त्रालयले शनिबार भएको झडपमा सर्वसाधारण मारिएका बताए पनि तथ्याङ्क भने दिएको छैन।

शनिबार युद्धविराम गर्न दुवै पक्ष सहमत भएपनि त्यसको उल्लङ्घन गरेको आरोप लगाउँदै आएका छन्। शनिबार थप झडपपछि, रात केही घटनाबिना शान्तपूर्वक बितेको किर्गिज सीमा अधिकारीले आइतवार बिहान जानकारी दिएका छन्।

देशको नेतृत्वले स्थितिलाई स्थिर बनाउन, द्वन्द्वको प्रयासलाई रोक्न शान्तिपूर्ण तरिकाले सबै उपाय गरिरहेको सीमा अधिकारीले बताएका छन्।

**देशको नेतृत्वले स्थितिलाई स्थिर बनाउन, द्वन्द्वको प्रयासलाई रोक्न शान्तिपूर्ण तरिकाले सबै उपाय गरिरहेको सीमा अधिकारीले बताएका छन्।**

आइतबार, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले दुबै पक्षका नेतृत्वलाई स्थायी युद्धविरामका लागि वार्तामा संलग्न हुन आह्वान गर्नुभएको उहाँका प्रवक्ताले जानकारी दिनुभएको छ।

# खानीमा बाढी पस्दा चौध जनाको मृत्यु

**एपी**

बेइजिङ। यहाँबाट करिब एक सय ६० किलोमिटर पूर्वमा अवस्थित हेबेइ फलाम खानीमा बाढी पस्दा १४ जनाको मृत्यु भएको छ भने एक जना हराइरहेका छन्।

यो महिनाको प्रारम्भमा त्यहाँ पसेको बाढीमा परी उक्त हताहती भएको तथा घटनास्थलमा खोज तथा उद्धारका काम स्थगन गरिएको सरकारी अधिकारीले आइतबार जनाएका छन्। खानीमा के कारणले बाढी पस्यो भन्ने बारेमा अनुसन्धान भइरहेको ताङसान नगर सरकारले एक सङ्क्षिप्त विज्ञप्ति निकालेर जनाएको छ।

हेबेइ फलाम र इस्पात खानीका निम्ति प्रसिद्ध छ। चीनमा वर्सेनि खानी दुर्घटना हुने गरेका छन्। ती दुर्घटनामा अधिकांश मजदुरले ज्यान गुमाएका छन्।

# आकस्मिक लाइसेन्सका लागि अनलाइन आवेदन खुला




काठमाण्डु । यातयात व्यवस्था विभागले आकस्मिक रुपमा सवारीचालक अनुमतिपत्र (लाइसेन्स) लिनका लागि अनलाइन फारममार्फत आवेदन दिन सकिने व्यवस्था मिलाएको छ।

सवारीचालक अनुमतिपत्र आवश्यक परेमा अबदेखि अनलाइन फारममार्फत आवेदन दिएर लिन सकिने व्यवस्था मिलाइएको यातयात व्यवस्था विभागका महानिर्देशक डा टोकराज पाण्डेयले जानकारी दिनुभयो।

उहाँका अनुसार विभागले एक सूचना जारी गरी यही असोज ७ गतेदेखि सेवाग्राहीले आकस्मिक रुपमा लाइसेन्स लिनका लागि अनलाइन फारममार्फत आवेदन दिन सक्ने व्यवस्था मिलाइएको छ।

अध्ययन तथा रोजगारीका लागि विदेश जाने नेपाली नागरिक, शान्ति सेना मिसनका लागि विदेश जाने नेपाली सेना एवं नेपाल प्रहरी र गैरआवासीय नेपाली नागरिकले आकस्मिक रुपमा लाइसेन्स निकाल्न सक्ने गरी व्यवस्था मिलाइएको यातयात व्यवस्था विभागले जनाएको छ।

विभागका अनुसार सेवाग्राहीले आवश्यक कागजात अनलाइनमा नै प्रविष्ट गर्नसक्ने छन् । निवेदकले सवारीचालक अनुमतिपत्र लिन जाँदा निवेदनको प्रिन्टसहित पोर्टलमा अपलोड गरेका कागजातको सक्कल प्रति लिएर विभागमा पेस गर्नुपर्ने व्यवस्था मिलाइएको छ।रासस

# नेपाल र विश्व बैंकबीच सहुलियतपूर्ण ऋण सम्झौतामा हस्ताक्षर




काठमाण्डु । नेपाल सरकार र विश्व बैंकबीच क्षेत्रीय यातायात तथा व्यापार आवद्धता अभिवृद्धि तथा आवद्धता आयोजनाका लागि २७ करोड ५० लाख डलर (रु ३४ अर्ब ९६ करोड ) र डिजिटल नेपाल गतिवृद्धि (डिएनए) आयोजनाका लागि १४ करोड डलर (रु १८ अर्ब)को सहुलियतपूर्ण ऋणसम्बन्धी वित्तीय सम्झौतामा हस्ताक्षर भएको छ।

अर्थमन्त्री जनार्दन शर्मा 'प्रभाकर' तथा विश्व बैङ्कका दक्षिण एसिया क्षेत्रीय उपाध्यक्ष मार्टिन राइजरको उपस्थितिमा नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सचिव कृष्णहरि पुष्कर र माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद-जर्भोसले सम्झौतामा हस्ताक्षर गर्नुभयो।

सो अवसरमा सचिव पुष्करले समावेशीरूपमा आर्थिक,सामाजिक र विकासका क्षेत्रलाई सघाउन सुदृढ आवद्धता तथा व्यापार सेवाग्राही र व्यवसायीबीच सूचना प्रविधिमार्फत सम्पर्क गर्न तथा क्षेत्रीय बजारमा पहुँच आदिका माध्यमबाट नेपालको आर्थिक सम्भावना उजागर गर्न नेपाललाई यी आयोजनाले सहयोग गर्ने बताउनुभयो।

राष्ट्रिय निर्देशक हदाद-जर्भोसले नेपालको व्यापार वृद्धिका लागि दीर्घकालीन दिगोपन र लगानीको उत्थानशीलता सुनिश्चित गरी नवीन डिजिटल अर्थतन्त्रलाई सुदृढ बनाउन र नेपालमा डिजिटल रूपान्तरणलाई सहयोग गर्न विश्व बैंक प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

सम्झौताअनुसार क्षेत्रीय यातायात तथा व्यापार आबद्धता अभिवृद्धि कार्यक्रमअन्तर्गत पूर्व-पश्चिम राजमार्गको बुटवल गोरुसिङ्गे चन्द्रौटा सडकको ६९ किलोमिटर दुई लेनको खण्डलाई जलवायु अनुकुल चार लेनको राजमार्गमा स्तरोन्नति गरिनेछ। सुदृढ सडक सुरक्षा सुनिश्चित गर्न ध्यान केन्द्रित गर्दै यस आयोजनाले भारतको पश्चिमी बन्दरगाहसम्म राम्रो पहुँच पुऱ्याएर यात्रा समय ३० प्रतिशतले घटाउने अपेक्षा गरिएको छ । विशेषगरी महिला उद्यमी र व्यापारीमा आर्थिक अवसर वृद्धि गर्न ध्यान दिँदै यस आयोजनाले राजमार्गमा आवश्यक इन्टरनेट र व्यापार सूचना सुविधासहितको कम्तीमा तीनवटा बजार क्षेत्र निर्माण गर्नेछ।

यसैगरी डिजिटल नेपाल गतिवृद्धि आयोजनाले विसं २०७६ मा नेपाल सरकारले घोषणा गरेको देशको डिजिटल अर्थतन्त्र रणनीतिअन्तर्गतको डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयन गर्न सघाउनेछ। हाल उच्च गुणस्तर र किफायती इन्टरनेटको सेवाबाट बञ्चित ग्रामीण क्षेत्रमा यस आयोजनाले ब्रोडब्यान्ड इन्टरनेट सेवाको पहुँच बढाउन निजी क्षेत्रको पूँजी परिचालन गर्ने भएकाले त्यहाँका वासिन्दा तथा व्यवसायीलाई फाइदा पुऱ्याउनेछ।

यसबाट नेपालको सार्वजनिक तथ्याङ्क पूर्वाधार र साइवर सुरक्षा क्षमता सुधारमार्फत सरकारी सेवालाई सुरक्षित तवरले डिजिटल प्रविधिमार्फत वितरण गर्न सघाउने हुँदा महिला, आदिवासी तथा सामाजिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिसम्म डिजिटल सेवाको पहुँच वृद्धि हुनेछ।रासस

# नेपाल टेलिकमले सार्वजनिक गऱ्यो संविधान दिवस अफर

**टुडे समाचारदाता**

काठमाण्डु। संविधान दिवस-२०७९ को अवसरमा नेपाल टेलिकमले संविधान दिवस अफर उपलब्ध गराएको छ।

कम्पनीले ग्राहकहरूका लागि सहुलियत दरका डाटा र भ्वाइससहितको प्याक उपलब्ध गराएको बताएको छ।

यो अफर असोज २ गतेदेखि असोज ४ गतेसम्म लागु हुने कम्पनीले बताएको छ।

अफर अन्तर्गत ३ दिनसम्म प्रयोग गर्न सकिने ६ जिबी डाटा प्याक मात्र ९८ रुपैयाँमा खरिद गर्न सकिनेछ।

त्यसैगरी, २४ घण्टासम्म प्रयोग गर्न सकिने एक एमबिपिएस अनलिमिटेड डाटा र अन नेट अनलिमिटेड कुराकानी गर्न सकिने प्याक मात्र ४९ रुपैयाँमा उपलब्ध हुने कम्पनीले जानकारी दिएको छ।

कम्पनीका अनुसार अफर अन्तर्गत नै १० दिनसम्म प्रयोग गर्न सकिने २० जीबी डाटा प्याक मात्र २९४ रुपैयाँमा खरिद गर्न सकिनेछ।

असोज४गतेसम्ममोबाइलबाट एस्ट्रिक१४१५एस्ट्रिक११ह्यास डायल गरी वा 'नेपाल टेलिकम एप' प्रयोग गरी यी प्याकहरू उपयोग गर्न सकिने कम्पनीले बताएको छ।

# टीभीएसद्वारा एओजी राइडको आयोजना




**टुडे समाचारदाता**

काठमाण्डु । लोकप्रिय दूई पांग्रे सवारी साधन कम्पनी टीभीएसले सुर्खेत जिल्लामा आफ्ना ग्राहकवर्गलाइ लक्षित गर्दै "आपाचे ओनर ग्रुप" (एओजी) रोमाञ्चक राइड संस्करणको आयोजना गरेको छ।

असोज १ गतेका दिन, सुर्खेत देखि वीरेन्द्रनगर १४ को स्टे होटल भ्याली भ्यू सम्म आयोजित उक्त राइड अन्तर्गत ३५ जना राइडरले आफ्नो उत्साहजनक सहभागिता जनाएका थिए।

कार्यक्रम अन्तर्गत राइडमा, भ्लगर प्रज्वल बस्नेत र रुपेश विक लगायतको सहभागीता थियो । उनीहरुले सुर्खेतमा टिभिएसको नेतृत्वमा यसपटक राइड आयोजना भएकोमा खुशी ब्यक्त गरे । उनीहरुले राइडका क्रममा सडक सुरक्षा सम्वन्धी थप जानकारी समेत मिलेको बताए।

कार्यक्रमा मन्तब्य राख्दै विकले भने "यो हाम्रो लागि गर्वको कुरा हो । पश्चिम नेपालको सुर्खेतमा यस किसिमको कार्यक्रमको आयोजना हुनु स्वागत योग्य छ। यस्ता कार्यक्रम आगामी दिनमा पनि हुँदै जाने अपेक्षा गरेको छु।"

टिभिएसले हालसम्म एओजी राइड कार्यक्रम अन्तर्गत काठमाण्डु, कोशी, गण्डकी, लुम्बिनी, नारायणी च्यापटर, धनगडीमा सम्पन्न गरिसकेको छ। यो अभियानमा सहभागीहरुले यसलाई मनपराएको पाइएको छ। यो कार्यक्रम आगामी समय वाँकी क्षेत्रमा पनि गर्ने अभियान रहेको छ।

जगदम्बा मोटर्स प्रालि नेपालमा टीभीएसका दूई पांग्रे सवारी साधनका लागि एक मात्र आधिकारिक वितरक हो। कम्पनीको नेपालभर १४० भन्दा बढी डिलरहरुको बलियो राष्ट्र्व्यापी वितरण सञ्जालका साथ टीभीएसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकहरूको मनमस्तिष्कमा उच्च स्थान जमाउन सफल छ। गुणस्तरीय उत्पादनहरु, बिक्री पश्चातको उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाहरुको उपलब्धता मार्फत उपभोक्तालाई दिइएको उच्चतम सन्तुष्टिका कारण आज टिभिएस नेपालको सर्वाधिक रुचाइएको टू-ह्विलर ब्राण्डका रुपमा स्थापित छ।

# अमेरिकाको वासिङटन डिसीमा बृहत् दसैं तिहार मेलाको आयोजना हुने

काठमाण्डु । संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसी, भर्जिनिया र मेरिल्याण्डमा रहेका नेपाली डायस्पोरा तथा नेपाली भाषा, संस्कृति र चाडपर्वलाई मन पराउने विदेशीलाई लक्षित गरी यही सेप्टेम्बर २५ (असोज ९) मा वासिङ्टन डिसीमा बृहत् दसैं तिहार फेस्टिबलको आयोजना गरिएको छ।




अमेरिकामा बसोबास गरिरहेका नेपाली र विदेशीमाझ नेपाली संस्कृतिको प्रवर्द्धन गर्नका लागि उक्त फेस्टिबल कोसेढुङ्गा रहने कार्यक्रम संयोजक राजश्री श्रेष्ठले राससलाई बताउनुभयो। स्थानीय बुल रन पार्कमा आयोजना हुने उक्त बृहत् दसैं तिहार फेस्टिबल अनेस्ट रियल स्टेटको प्रस्तुति तथा थ्रि ई इन्टरटेनमेन्ट नामक संस्थाले व्यवस्थापन गर्ने बताइएको छ।

मेलामा दसैं बजार, नेपाली खानाका परिकार, नेवारी खाना, सेलरोटी, गहना पसल र अन्य विभिन्न सामानका स्टलको व्यवस्था रहनेछ । मेलामा दिउँसोको समय मङ्गलधुन, लाखे नाच, रथ प्रदर्शनीलगायतका सांस्कृतिक कार्यक्रम र तामाङ, नेवार, गुरुङ र अन्य जातजातिका पहिचान झल्किने प्रस्तुति हुने श्रेष्ठले जानकारी दिनुभयो । आयोजकका अनुसार दिवा समयका सबै प्रस्तुति अवलोकन गर्न र सहभागी बन्नका लागि निःशुल्क प्रवेशको व्यवस्था रहनेछ।

त्यसैगरी साँझको समयमा प्रसिद्ध गायक एड्रिन प्रधान, निमा रुम्बा र अमेरिकामा रहेका स्थानीय नेपाली ब्याण्डका सदस्यले पनि साङ्गीतिक प्रस्तुति दिनेछन् । उक्त मेलामा नेपालको प्रसिद्ध प्रकाशन गृह फाइनप्रिन्टले नेपाली पुस्तक प्रदर्शन गर्नेछ। विभिन्न इच्छुक व्यावसायिक प्रतिष्ठानलाई आफ्नो सामानको स्टल राख्न आह्वान गरेकामा निकै उत्साहजनक प्रतिक्रिया पाएको श्रेष्ठले जानकारी दिनुभयो।

आयोजकका अनुसार वासिङ्टन डिसी, भर्जिनिया र मेरिल्याण्डमा रहेका नेपाली डायस्पोरा र अन्य सहरहरुमा रहेका नेपाली र नेपालीभाषी गरी झण्डै पाँच हजारको सहभागिता रहनेछ । यस प्रकारको कार्यक्रमले चाडपर्वका बेलामा विदेशमा रहँदा पनि स्वदेश र गाउँघरकै झल्को मेटाउने अपेक्षा गरिएको कार्यक्रमको संयोजनमा खटिनुभएकी मनिषा प्रसाईं अधिकारीले जानकारी दिनुभयो।

कार्यक्रमका लागि गैरआवासीय नेपाली सङ्घ भर्जिनिया च्याप्टर, आरएनआर ग्रुप, सुप्रिमियम इन्टरटेनमेन्ट र टेन्डर हर्ट्स फाउण्डेशनको सहयोग रहनेअधिकारीकोभनाइछाफेस्टिबलको समापनपछि केही गैरनाफामूलक संस्थालाई सहायता प्रदान गरिनेछ।रासस

# थप २० वटा मर्चेन्टमा छुट पाउने

काठमाण्डु। सानिमा बैंकले थप २० वटा मर्चेन्टहरूसँग छुटको व्यवस्था गरेको छ। ग्राहकहरूलाई डिजिटल बैंकिङको माध्यम प्रयोग गरी डिजिटल भुक्तानी प्रोत्साहन गर्न उक्त व्यवस्था गरेको बैंकले बताएको छ।

उक्त व्यवस्था अन्तर्गत बैंकको भिसा डेबिट/क्रेडिट कार्ड र सानिमा मोबाइल बैंकिङ एप प्रयोगकर्ताहरूले डिजिटल भुक्तानी गरी विभिन्न मर्चेन्टहरूको वस्तु/सेवाहरूको खरिदमा विशेष छुट पाउने भएका छन्।

बैंकले बाजेको केक, जुलिस केक एण्ड पेस्ट्रीज, कान्तिपुर कफी, कुण्डलिनी आयुर्वेद, बागडोल पोलिक्लिनिक, नीता पोलिक्लिनिक एण्ड डायग्नोस्टिक सेन्टर, स्टाइल हन्ट, बेन्ड द ट्रेन्ड, रिभाइब वेलनेस, बल्थली माउन्टेन रिसोर्ट, होटल यात्री, होटल द किंसबरी, दरबार ज्वेलर्स, लारिसा फार्मेसी, डियो गार्डेन रेस्टुरेन्ट, द स्ट्रिट, रोयल लाउन्ज एण्ड बार, आरआर फेसन वेयर, वीकेन्ड र न्यानो कलेक्शन गरी २० वटा विभिन्न मर्चेन्टहरूसँग १० देखि ३० प्रतिशतसम्मको छुटको व्यवस्था गरेको हो।

बैंकले ग्राहकहरूलाई विभिन्न छुट तथा अफरहरु प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ।

बैंकको देशको सातै प्रदेशमा १२७ वटा कार्यालय तथा १२० वटा एटिएम सञ्चालनमा रहेका छन्।

# नेप्सेमा उच्च अङ्कको गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार उच्च अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से ३३ दशमलव ९७ अङ्कले ओरालो लागेर एक हजार आठ सय ७६ दशमलव ४१ अङ्कमा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव शून्य चार अङ्कले ओरालो लागेको छ । कूल दुई सय २९ कम्पनीको ६२ लाख ९६ हजार चार सय ४५ कित्ता शेयर रु एक अर्ब ६० करोड १८ लाख २२ हजार नौ सय ५५ मा कारोबार भयो।

साताको पहिलो दिनको कारोबारमा १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । आजको कारोबारपछि कूल बजार पूँजीकरण रु २६ खर्ब ९६ अर्ब सात करोड ७४ लाख ८१ हजार तीन सय ५९ बराबर रहेको छ । नेप्सेका अनुसार कारोबारका आधारमा लक्ष्मी बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु २१ करोड ३८ लाख ४४ हजार एक सय ८२ बराबरको कारोबार भयो।

प्रभु बैंकको संस्थापक शेयर रु १९ करोड ५८ लाख ४५ हजार आठ सय ४८, नेपाल दूरसञ्चार कम्पनी रु पाँच करोड ३४ लाख ९७ हजार पाँच सय ९९, नेपाल लाइफ इन्स्योरेन्स रु चार करोड ४५ लाख ७२ हजार तीन सय ६८ र रिडी हाइड्रोपावर रु तीन करोड ६८ लाख ६२ हजार तीन सय ५९ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भए।

नेप्सेका अनुसार ग्लोबल आइएमई समुन्नति स्कीम एक पाँच दशमलव ३५, नेपाल ल्यूब आयल चार, लक्ष्मी बैंक तीन दशमलव ६६, आर्दश लघुवित्त एक दशमलव ९७ र एनआइसी एशिया ब्यालेन्स फण्डका लगानीकर्ताले एक दशमलव ९७ प्रतिशतले कमाए।

बलेफी हाइड्रोपावर सात दशमलव ८५, राप्ती हाइड्रो सात दशमलव ३०, दोर्दी खोला जलविद्युत् कम्पनी सात दशमलव २३, माउण्टेन हाइड्रो नेपाल छ दशमलव ५८ र युनाइटेड इदी मर्दी हाइड्रोपावरका लगानीकर्ताले छ दशमलव २५ प्रतिशतले गुमाए।रासस

# माइडियाको दशैं तिहार २०७९ अफर

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा माइडिया ब्राण्डका घरायसी सामाग्रीहरूका लागि आधिकारिक वितरक, चौधरी ग्रुपले यस पालीको दशैं, तिहार र छठलाई लक्षित गरी ग्राहक योजना ल्याएको छ।

माइडिया ब्रान्डले एयर ट्रिटमेन्ट (कमर्सियल र आवासीय वातानुकूलित समाधान), रेफ्रिजरेसन, वासिङ्ग मेसिन, लार्ज किचेन र खाना पकाउने उपकरण, साना भान्साका उपकरणहरू, पानीका उपकरणहरू, भुइँ सम्बन्धि हेरचाह र लाईटिङ्गमा विशेषज्ञता हासिल गरी घरेलु उपकरण उद्योगमा विश्वको सबैभन्दा व्यापक उत्पादनको विविधताहरू प्रदान गर्दै आएको छ।

नेपालमा घरायसी सामाग्रीहरूकाबजारमाग्राहकवर्गले असाध्यै रुचाएको माइडिया ब्रान्डले नेपालको सबैभन्दा ठूलो उत्सव दशैं र तिहारलाई लक्षित गर्दै "माइडियाको शुभकामना सरल र सुखी जीवनलाई"




भन्ने नारासहित जारी गरेको यस अफर अन्तर्गत माइडियाको ६ र ७ केजी वासिङ्ग मेसिनको खरिदमा ६ केजी प्याक सर्फ एक्सेल वा एरिअल, ८ केजी भन्दा माथि का वासिङ्ग मेसिन को खरिद मा माइडियाको राईस कुकर, साइड बाइ साइड तथा मल्टी डोर रेफ्रीजिरेटरको खरिदमा माइडियाको इन्डकसन कुकर साथै हरेक खरिदमा खाली हात नजाने क्यासब्याक रहेको छ। ३४ हजार ३ सय सम्मको क्यासब्याक रहेको कम्पनीले जनाएको छ। यो ग्राहक योजना भाद्र १५ देखि नेपालभरि सीमित अवधिको लागि लागू गरिएको छ। यो चाड पर्व मनाऔं रमेर माइडियाको साथमा।

माइडिया ब्राण्ड माइडिया ग्रुप अन्तर्गतको घरेलु उपकरण व्यवसाय भित्रका १० भन्दा बढी ब्राण्डहरु मध्ये एक हो । माइडिया ग्रुप एक अग्रणी विश्वव्यापी उच्च-प्रविधि कम्पनी हो, जुन २०२१ को ग्लोबल फर्च्यून ५०० मा २८८ स्थानमा रहन सफल भयो। माइडिया ग्रुपको व्यापार घरेलु उपकरणहरूभन्दा बाहिर छ जसमध्ये एच.भि.ए.सि., रोबोटिक्स र अटोमेसन, स्मार्ट होम र आई.ओ.टि, साथै स्मार्ट लजिस्टिक र कम्पोनेन्टहरू जस्ता व्यापार स्तम्भहरू पनि समावेश गर्दछ । माइडिया ग्रुपका सबै व्यवसायहरुको एउटै क्रेडो ३ज्कबलषश्ष्लन त्भअजलयथिनथ को लागि प्रयासरत छ।

नेपालमा २०२१ देखि चौधरी ग्रुपले माइडिया ब्रान्डका उत्पादनहरू आफ्नो च्यानल र आउटलेटहरूमार्फत देशभर वितरण गर्दै आएको छ।


## गुठी संस्थान
### शाखा कार्यालय
### जनकपुरधाम, धनुषा

## पोखरी ठेक्कामा लगाउने सम्बन्धि बोलपत्र आव्हान गरिएको ३0 दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०६/०३**

गुठी संस्थानको पूर्ण स्वामित्वमा रहेको गुठी पोखरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा पानीमा हुने माछा पालन व्यवसायका लागि सिलबन्दी बोलपत्रको माध्यमबाट ५ (पाँच) वर्षको लागि ठेक्कामा लगाउनुपर्ने भएकोले निम्न शर्तको अधिनमा रही बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | जिल्ला | न.पा. | वडा | सिट नं. | कि.नं. | क्षे.फ. | पोखरीको नाम | न्यूनतम एकशाल |
|---|---|---|---|---|---|---|---|---|
| १ | धनुषा | ज.उ.म.न.पा. | ६ | | | | गोड्धोई पोखरी | १२,५८,०००।- |
| २ | " | " | ४ | | | | विषहरा पोखरी | ३१,५६,०००।- |

१. बोलपत्र फारम रु. ३०००।- (तीन हजार) मात्र नगद बुझाए पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म खरिद गर्न सकिने छ।
२. यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म आफूले लिन चाहेको दर उल्लेख गरी लाहा छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएका गोप्य बोलपत्रहरु सोही दिनको ०२:०० बजे बोलपत्र दाता वा प्रतिनितधिहरुको रोहवरमा खोलिन्छ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
३. आफुले सकार गरेको पाँच वर्षको कबुल अंकको ३ (तीन) प्रतिशतले हुन आउने रकम यस कार्यालयको ऐन.आई.सी. एसिया बैंक खाता नं. ३१४१४८३०४९५२४००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तीमा १२० दिन मान्य अवधि भएको वाण्जिय बैंकको जमानत पत्र संलग्न हुनु पर्नेछ।
४. बोलपत्र स्वीकृत भएमा कार्यालयले जानकारी गराएको मितिले ७ (सात) दिन भित्र एक वर्षको ठेक्का अंक बराबरको नगद गुठी संस्थान कोषमा जम्मा गरी बैंक भौचरको सक्कल प्रति लिई वा कम्तीमा एक वर्षको ठेक्का रकम थाम्ने गरी गुठी कार्यालयको नाममा क वर्गको वाणिज्य बैंकले जारी गरेको कम्तीमा दुई वर्ष म्याद कायम भएको शर्त रहितको बैंक जमानतको सक्कलै प्रति पेश गरि सम्झौता गरि चलन पुर्जि लिनु पर्नेछ, अन्य कुराहरु गुठी तैनाथी घर जग्गा लिज तथा वहालमा दिने सम्बन्धि निर्देशिक २०७८ बमोजिम हुनेछ।
५. ठेक्कामा लिएको पोखरी, पोखरीको डिल संरक्षण गर्नु पर्नेछ, तोकिएको कार्यवाहेक अन्य कार्य पोखरीको अकृति प्रकृति घट्ने विग्रने कार्यमा अतिक्रमण गरे यसमा नोक्सान भएको बिगो जति पेश भएको जमानतबाट र नपुग हुने जति रकम सरकारी बाँकी असुल उपर गरिन्छ।
६. गुठी संस्थानलाई तिर्न वा बुझाउन बाँकी बक्यौता राख्ने तथा कालो सुचीमा परेका, फर्म वा निजका परिवारले यस ठेक्का प्रक्रियामा सहभागी हुन पाउने छैनन्। सहभागी भएको पाईएमा त्यस्ता व्यक्ति, फर्मको ठेक्का फर्मको ठेक्का प्रक्रिया रद्द गर्न सकिन्छ।
७. बोलपत्र साथ PAN (स्थायी लेखा नम्बर संघ संस्था दर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण पत्र सहित कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्र पेश गर्नु पर्नेछ।
८. अलग/अलग पोखरीको लागि अलग/अलग बोलपत्र पेश गर्नु पर्नेछ।
९. बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुलेको दिन सबै काम गरिनेछ।
१०. यो विषयमा कुनै द्विविधा भएमा वा अन्य कुनै विषयमा जानकारी प्राप्त गर्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिन्छ।
११. पर्न आएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गुठी संस्थान प्रधान कार्यालयमा निहित रहनेछ। न्यूनतम अंक भन्दा कम रकम कबुल गरि पेश हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१२. यस सम्बन्धि अन्य कुराहरु गुठी तैनाथी घर जग्गा लिज तथा वहालमा दिने सम्बन्धि निर्देशिक २०७८ बमोजिम हुनेछ।

*सम्पर्क नं. ०४१-५९०२८१*

# खुल्याम यौन धन्दा

**ओम प्रकाश यादव**

रौतहट । रौतहटको मौलापुर बजारमा खुल्याम यौन धन्दा भइरहेको देखिएको छ । मौलापुर नगरपालिका वडा नं ५ मौलापुरको एक होटलमा विगत केही दिनदेखि खुल्याम देह व्यापार हुने गरेको देखिएको छ ।

केही व्यक्तिले यौनकर्मी महिलासँग यौनजन्य क्रियाकलाप गरिरहेको तस्विर सार्वजनिक गरिएको छ । केही ग्राहकले यौन व्यवसायमा संलग्न युवतीसँग खुल्यामा रुपमा यौनजन्य क्रियाकलाप गरिरहेको तस्विर सार्वजनिक भएपछि खुल्याम वेश्यावृति भइरहेको तथ्य बाहिर आएको छ ।

यौनजन्य क्रियाकलाप गर्दै गरेको अवस्थाको ग्राहकसहित यौनकर्मीको सार्वजनिक भएको सो तस्विर यतिखेर सामाजिक सञ्जालमा पुरै भाइरल बनेको छ ।

स्मार्ट सिटीको रुपमा विकास भइरहेको मौलापुरको होटलमा खुल्याम यौन धन्दा हुनुले यसले समाजमा विकृति फैलिनुका साथै नकारात्मक असर पर्ने भन्दै सामाजिक सञ्जालमा यतिखेर यसको चर्को विरोध भइरहेको छ ।

सार्वजनिक भएको तस्विर अनुसार यौनकर्मी महिलासँग तिन जनाले रोमान्स गर्दै गरेको तस्विरमा प्रस्ट देखिएको छ । तिन जनामध्ये एकजना स्थानीय प्रमोद साह अर्का व्यक्ति सोही ठाउँका दयाशंकर साह रहेको स्थानीयहरुले बताएका छन् । त्यस्तै,एकजनाको अनुहार नै नदेखिएकोले उनी को हुन भन्ने कुरा थाहा हुन सकेको छैन ।

उक्त देह व्यापार कुन होटलमा हुने गरेको र कसले गराएको भन्ने कुराको अधिकारिक पुष्टि अझै हुन सकेको छैन । तर स्थानीयवासीका अनुसार नाम खुल्न नसकेको एकजनाको घर भाडामा लिएर स्थानीय दयाशंकर साह र अमिन अन्सारीले वर्षौंदेखि मौलापुरमा यौन धन्दा चलाउँदै आएका छन् ।

इलाका प्रहरी कार्यालय रहेपनि प्रहरी प्रशासनलाई चुनौती दिदै साह र अन्सारीले होटलमा यौन धन्दा चलाउने गरेको भए पनि प्रहरी प्रशासन मुख दर्शक बनेको स्थानीयवासी बताउँछन ।

**इलाका प्रहरी कार्यालय रहेपनि प्रहरी प्रशासनलाई चुनौती दिदै साह र अन्सारीले होटलमा यौन धन्दा चलाउने गरेको भए पनि प्रहरी प्रशासन मुख दर्शक बनेको स्थानीयवासी बताउँछन ।**

स्थानीय प्रहरी प्रशासनकै मिलेमतोमा यौन जन्य क्रियाकलाप भइरहेको स्थानीयहरुको आरोप छ । मौलापुरमा वर्षौंदेखि देह व्यापार हुने गरेको भए पनि यस विषयमा आफूहरुलाई कुनै जानकारी नै नभएको इलाका प्रहरी कार्यालय मौलापुरका प्रहरी नायव निरीक्षक (सई) बैजुलाल यादवले बताए।

देह व्यापार भइरहेको कुरा आफूले पनि समाजिक सञ्जालबाट नै थाहा पाएको बताउँदै प्रहरी नायव निरीक्षक यादवले यौन व्यवसाय कसको घरमा र कसले सञ्चालन गरेको हो भन्ने कुराको अनुसन्धान भइरहेको बताए । अनुसन्धानपछि मात्रै होटल र देह व्यापार गराउने व्यक्तिको नाम खुल्ने उनले बताए ।

अवैध यौन धन्दा गराएर समाजमा विकृति र विसंगति फैलाउने जो कोहीलाई पनि कडा कारवाही गर्ने इलाका प्रहरी कार्यालय मौलापुरले जनाएको छ ।

देह व्यापारलाई नेपालमा गैरकानूनी रुपमा लिइन्छ । नेपालको संविधानले नै देह व्यापार सम्बन्धी प्रावधान उल्लेख गरेको छ, र जसमा नेपालको सीमा भित्र हुने कुनै पनि किसिमको देह व्यापारलाई गैरकानूनी भन्दै सजायको व्यवस्था गरेको छ ।

समाजको विकृतिको रुपमा लिइने भएपनि कतिपय स्थानमा परम्परागत देह व्यापारको रुपमा अहिले पनि जारी छ । सरकारले नेपालमा गैर कानूनी देह व्यापारलाई रोक्न जे जस्तो ऐन नियम तथा कानूनहरु बनाएको र कार्यान्वयन गरेको भए पनि त्यसले देह व्यापारमा कमी ल्याउनुभन्दा थप विकृति फैलाएको छ । त्यसैले मौलापुरमा देखिएको असामाजिक कार्य देह व्यापारलाई रौतहट प्रहरीले तुरुन्त नियन्त्रणमा लिई यस कार्यमा संलग्नलाई पक्राउ गरी कारवाहीको दायरामा ल्याउनु पर्दछ ।

# छाला उद्योग आर्थिक सङ्कटमा

**टुडे समाचारदाता**



वीरगञ्ज । नेपालमा पछिल्लो समय तयारी छालाको उत्पादन गर्ने छाला उद्योग यतिबेला आर्थिक सङ्कटमा परेका छन् ।

नेपाल छाला उद्योग सङ्घका अनुसार नेपाली लगानीमा सञ्चालनमा रहेका १२ तयारी छाला उत्पादन गर्ने उद्योग आर्थिक सङ्कलनमा परेका छन् ।

विशेषगरी नेपालमा उत्पादित तयारी छालाले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसक्दा नेपाली बजारमा उत्पादित छाला उद्योगको व्यापार फस्टाउन नसकेको सङ्घका केन्द्रीय महासचिव मोहम्मद जुनेद इफ्तखारले बताए ।

नेपाल छाला उद्योग सङ्घका अनुसार नेपालमा हाल नेपाली लगानीका तयारी छाला उत्पादन गर्ने १२ उद्योग मात्रै सञ्चालनमा छन् ।

नेपाली बजारमा खसीबोका र राँगाभैंसीको छाला मात्र कच्चापदार्थका रुपमा उपलब्ध हुने गर्दछ । गाईगोरुको छाला तेस्रो मुलुकबाट नेपाली बजारमा आयात हुँदै आएको छ । नेपाली छाला उद्योगले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसकेको इफ्तखार बताउनुहुन्छ ।

नेपालमा हाल सञ्चालनमा रहेका १२ छाला उत्पादन गर्ने उद्योगमध्ये आठवटा बारा र पर्सा छन् भने बाँकी चार उद्योग विराटनगरमा सञ्चालनमा रहेको नेपाल छाला उद्योग सङ्घले जनाएको छ । तेस्रो मुलुकबाट गाईगोरुको छाला (कच्चापदार्थ) नेपाली बजारमा भित्र्याउँदा महँगो पर्ने गर्छ । छालाजन्य सामग्रीलाई प्रशोधन गर्न प्रयोग गरिने केमिकल (कच्चापदार्थ) तेस्रो मुलुकबाट नेपाली बजारमा आउँदा महँगो पर्ने हुँदा नेपाली छाला व्यापार मारमा परेको सङ्घका मधेस प्रदेशका महासचिव विनोदकुमार चौधरीले जानकारी दिए ।

विशेषगरी नेपाली बजारमा पाइने खसीबोका र राँगाभैंसीको छालाबाट उत्पादित छालाबाट सामान्य खालका जुत्ताचप्पल बनाइने गरिन्छ भने गाईगोरुको छाला तेस्रो मुलुकबाट भित्रिएर तयार गरिएको तयारी छालालाई राम्रो खालका जुत्ताचप्पलसहित विभिन्न छालाजन्य सामग्री उत्पादन हुने गर्दछ । नेपाल छाला उद्योग सङ्घका अनुसार नेपालमा करिब रु पाँच अर्ब बराबरको वार्षिक जुत्ताचप्पलको कारोबार हुने गर्दछ । जसमध्ये ७५ प्रतिशत विभिन्न देशबाट नेपाली बजारमा भित्रिने गर्दछ ।

सरकारले यदि नेपालमा नेपाली लगानीमा सञ्चालनमा रहेका तयारी छाला उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन नेपालीमा भित्रिने केमिकल (कच्चापदार्थ) आयातमा सहुलियत प्रदान गर्नुपर्ने साथै वर्तमान योजना समयअनुसार उद्योगमैत्री बनाउनुपर्ने सङ्घका केन्द्रीय महासचिव इफ्तखारको माग छ । नेपाल छाला उद्योग सङ्घका अनुसार नेपालमा नेपाली लगानीका हाल सञ्चालनमा रहेका कूल १२ वटा तयारी छाला उत्पादन गर्ने उद्योगमा करिब पाँच सय जना कर्मचारीका रुपमा कार्यरत छन् ।

# युवाहरुलाई रोजगारमुखी तालिम

**टुडे समाचारदाता**




जनकपुरधाम । विदेशबाट फर्किएका नेपालीहरु युवाहरुलाई नेपाल सरकारले दिदै आएको रोजगारमूलक सीप तथा क्षमता अभिवृद्धि कार्यक्रमबारे असोज १ गते वीरगञ्जमा पत्रकारहरुसंग साक्षात्कार गरेको छ ।

असोज १ गते शिक्षा पत्रकार समूहको आयोजनामा आयोजित पत्रकारहरुसंगको साक्षात्कार कार्यक्रममा नेपाल सरकार शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम( युएनडिपी) युरोपियन युनियनको आर्थिक सहायतामा मधेश प्रदेश र लुम्बिनी प्रदेशका एक हजार पाँच सय युवाहरुलाई सीपमूलक तालिम प्रदान गरिदै छ ।

युएनडिपीका मुकुन्द मणि खनालले सीप विकास तालिमका लागि कृषि, निर्माण र पर्यटन क्षेत्र पहिचान भएको बताए । परियोजनाले वेदेशिक रोजगारीबाट फर्किएका एक हजार पाँच सय युवाहरुलाई ३० दिने कतिपय तालिम सम्पन्न भएको र तालिम प्राप्त व्यक्तिले काम समेत पाएको बताए ।

परियोजनाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त निजी क्षेत्रका तालिम सेवा प्रदायक संस्था, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदका आंगिक शिक्षालयमार्फत युवाहरुलाई तालिमको व्यवस्थापन गरिएको छ ।

हालसम्म रोजगारमूलक सीप तथा क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत पाँच सय उन्नाइस जनाले तालिम सम्पन्न गरेको र चार सय छपन्न जना युवाहरुले तालिमकै क्रममा रहेको बताए ।

कार्यक्रममा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले वैदेशिक रोजगारीबाट फर्किएका नेपाली युवाहरुलाई स्थानीय स्तरमा उत्पादन तथा वितरण प्रणालीमा आवद्ध गराइ सामाजिक र आर्थिक रुपमा पुनः समायोजनका निम्ति परियोजना संचालन गरिएको छ ।

परियोननाले कोभिड-१९ का कारण विदेशमा रोजगारी गुमाएर स्वदेश फर्किएका नेपाली युवाहरुसंग भएका सीप पहिचान गरी आवश्यकताको आधारमा तालिम दिने, प्रमाणीकरण गर्ने, स्वरोजगारमुखी बनाउन उपकरण समेत प्रदान गर्ने उद्देश्य लिएर परियोजना संचालन गरिएको सचिव सुवेदीले बताए ।

उनले युवाहरुले आर्जनको सीप अनुसार स्वरोजगारमुखी हुन सकेको खण्डमा वैदेशिक रोजगारीमा जानबाट केही हदसम्म रोकिने बताए । वैदेशिक रोजगारीमा जाने युवाहरुको दुःख दर्द आफूले महसुस गरेको बताए ।

कुनै पनि व्यक्ति रहरले खाडी देश नजाने गरेकाले नेपालमै समेत मेहनत र सीपको सदुपयोग गरी रोजगारमुखी हुन सक्ने सपना बुनेका युवाहरुको लागि एक नमुना परियोजनाको रुपमा सीप परियोजना सुरु भएको बताए ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सह सचिव डा. हरि लम्सालले तालिम प्राप्त गरेका र तालिम लिदै गरेका युवाहरुको जागरुकताले गर्दा आफू पनि उत्साही भएको बताए ।

तालिम सेवा प्रदायक संस्थाहरुमा समेत अनुगमन गर्ने र भए गरेका गतिविधिहरुलाई संचारमाध्यममा प्रकाशन प्रशासन यो सीप परियोजनालाई खवरदारीको हिसावले समेत आम जनमानस माझ पुर्याउन हुन आग्रह गरे । यो तालिमले बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई रोजगारमुखी सीप दिएपछि स्वरोजगारमुखी हुने बताए ।

सिटिभीटीका डायरेक्टर दिपक पौडलले नेपालमा श्रम र श्रमिकलाई सम्मान गर्ने चलन नभएको बताए । श्रमलाई सम्मान गर्ने परिपाटीको विकास गर्न विद्यालय शिक्षादेखि नै सुरुवात गरिनुपर्ने बताए । उनले आफूले तालिम लिदै गरेका युवाहरुलाई तालिम सेन्टरमा अनुगमनको क्रममा भेट्दा उत्साही अवस्था देखेको बताए । तालिम सेन्टरमा अनुगमनलाई अझै सशक्त बनाउनुपर्ने बताउँदै यसमा स्थानीय सरकार र पत्रकारहरुको कलम समेत अगाडि बढाउनुपर्ने बताए ।

समूहका अध्यक्ष कृष्ण मल्लले नेपाल सरकारले सुरु गरेको रोजगारमूलक सीप तथा क्षमता अभिवृद्धि कार्यक्रमले वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई स्वरोजगारमुखी बनाउने बताए ।

यो परियोजना नेपाल सरकार लगायत तालिम सेवा प्रदायक संस्था र तालिम लिने युवाहरुसंग जोडिएका यसबाट भएका सकारात्मक पक्ष र सुधार गर्नुपर्ने पक्षबारे समेत संचारमाध्यमबाट प्रकाशन र प्रसारण गरी आम जनतालाई जागरुक गराउनुपर्ने बताए ।

जय किसन बहु प्राविधिक शिक्षालय रौतहटका प्रिन्सिपल धनुज यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा सिटिभीटीका सदस्य सचिव जिवनारायण यादव , नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारी, युएनडिपीका मुकुन्द मणि खनाल, मधेश प्रदेशका धनबहादुर चन्द, वीरगञ्ज महानगरपालिका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्ण, नाटाका मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष विनोद कुमार चौधरी, वीरगञ्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधवलाल राजपाल, छाला प्रशोधन उद्योग संघका महासविच मो.जुनेद इफतिकार, पत्रकार, उद्योग, तालिम सेवा प्रदायक संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको शिक्षा पत्रकार समूहका मधेश प्रदेश संयोजक दिपेन्द्र प्रसाद सिंहले बताए ।

# कालो पट्टी बाँधेर कर्मचारी आन्दोलनमा



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाका कर्मचारीहरु हातमा कालो पट्टी बाँधेर आन्दोलन सुरु गरेका छन् । आइतबारदेखि पालिकाका कर्मचारीहरुले जनप्रतिनिधिविरुद्ध आन्दोलन सुरु गरेका छन् ।

कर्मचारीहरुले तलव भत्ता नभएको भन्दै आन्दोलनमा उत्रेका छन् । समयमा जनप्रतिनिधिहरुले माग पूरा नगरे कडा आन्दोलन गर्ने कर्मचारीहरुले बताएका छन् ।

कर्मचारीहरुले साउन, भदौको तलव र चाड पर्वको भत्ता पाएका छैनन् । पालिकाको नगर परिषद् गर्न नसक्दा तलव नपाएको बुझिएको छ । पालिकामा योजना बाँडफाटमा जनप्रतिनिधिबीच सहमति नहुँदा नगरसभा हुन सकेको छैन् । अल्पमत र बहुमतको अडानका कारण नगरसभा आयोजना हुन सकेको छैन ।

परिषद् नहुँदा नगरपालिकाको सबै कामकाज ठप्प छ । परिषद् नहुँदा अहिले सम्म खाता संचालन हुन सकेको छैन । खाता संचालन नहुँदा अहिले इन्धन समेत उधारोमा उपलब्ध भएकोले नगर भित्रको फोहोर उठाउने देखि, एम्बुलेन्स र बारुणयन्त्र संचालनमा अवरोध उत्पन्न भइरहेको छ।

आन्तरिक श्रोत बजार ठेक्का र बालुवा,गिट्टीको ठेक्का समयमा लगाउन नसक्दा पालिकालाई करिब वार्षिक ३ करोड घाटा भइरहेको मेयर सुकदेव यादवको अनुमान छ ।

'समाजिक सुरक्षा पनि दिन सकेका छैनौं । जनप्रतिनिधहरु फजुल बखेडा खडा गरेको छ,'उनले भने,'सामाजिक सुरक्षा भत्ताको लागि नवीकरण र नयाँ दर्ताको आवेदन लिने कार्यसमेत प्रभावित भएको छ ।'

उनका अनुसार पालिकामा १० वडा मध्ये दुई वडा सहित मेयर गरी तीन जना मात्र नेकपा एमालेबाट जीतेका छन । बाँकी सबै वडा र नगरकार्यपालिका सदस्यहरु नेपाली काँग्रेसबाट जितेका जनप्रतिनिधिहरु छन् । जसले गर्दा कार्यपालिकाबाट कुनै पनि निर्णय हुन सकेको छैन ।

# ट्रमा सेन्टर स्थापना गर्न माग

**टुडे समाचारदाता**

वीरगञ्ज । बाराको पथलैयामा ट्रमा सेन्टर स्थापना गर्न मधेसशप्रदेश सरकारसँग माग गरिएको छ ।

जीतपुर सिमरा सार्वजनिक सरोकार समितिका अनुसार बारास्थित मधेश प्रदेश सरकारको हाल सञ्चालनमा रहेको प्रदेश स्वास्थ्य तालिम केन्द्रमा ट्रमा सेन्टरको स्थापना गर्न माग गरिएको हो ।

प्रदेश सरकारले विगत तीन वर्षदेखि ट्रमा सेन्टर स्थापनाका लागि आवश्यक बजेटसमेत विनियोजन गर्दै आए पनि हालसम्म ट्रमा सेन्टर स्थापना हुनसकेको छैन् ।

पथलैयामा ट्रमा सेन्टर स्थापना गर्न स्थानीयस्तरबाट प्रदेश सरकारलाई पटकपटक माग राख्दै आएको जीतपुरसिमरा सार्वजनिक सरोकार समितिका सदस्य एवं नागरिक अगुवा छविलाल शर्माले जानकारी दिए। पथलैयामा ट्रमा सेन्टर स्थापना भएमा बारा, पर्सा, रौतहटलगायतका क्षेत्रमा दुर्घटनाका घाइतेको आकस्मिक उपचार गर्न सहजता हुने अपेक्षा गरिएको छ ।

# चोरीको आरोपमा प्रधानाध्यापक सहित दुई जना पक्राउ

**टुडे समाचारदाता**



रौतहट । विद्यालयको पेन्ट चोरी गरेको आरोपमा रौतहटका एक प्रधानाध्यापक सहित दुईजना सर्लाहीबाट पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा जिल्लाको गरुडा नगरपालिका-५ शिवनगर घर भएका प्रधानाध्यापक वीरेन्द्र झा र शिक्षक गरुडा नगरपालिका ७ का हरिशचन्द्र किशोर मलिक रहेका छन् ।

सर्लाहीको बलरा नगरपालिका-४ मा अवस्थित रामसखी मोहित सिंह जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक झालाई आइतवार बलरा चोकबाट पक्राउ गरिएको छ।

रामसखी मोहित सिंह जनता उच्च माध्यमिक विद्यालयको भवन पेन्ट गर्नका लागि ल्याइएको पेन्ट चोरी गरी आफ्ना घर रौतहटको शिवनगर ल्याउने क्रममा उनलाई पक्राउ गरिएको छ ।

प्रधानाध्यापक झाले विद्यालयको पेन्ट आफना घरमा प्रयोग गर्न चोरी गरी ल्याइरहेका थिए । उनले विद्यालयको पेन्ट चोरी गरी आफ्ना घर रौतहट लगिरहेको अवस्थामा बलरा नगरपालिका ४ का वडा अध्यक्ष मणिभूषण सिंह सहित स्थानीयहरुले उनलाई पक्राउ गरी सीमा प्रहरी चौकी बलरामा बुझाएका थिए ।

प्रधानाध्यापक झाले भारतीय स्कारपिओ गाडीमा उक्त पेन्ट लोड गरी लगिरहेको अवस्थामा स्थानीयहरुले गाडी रोकेर चेकजाँच गर्दा गाडीबाट १० प्रकारका पेन्टको २० वटा बाल्टी बरामद भएको प्रहरीले जनाएको छ ।

पेन्ट लोड गरिएको उक्त गाडी सहित प्रधानाध्यापक झा र सोही गाडीमा सवार रामसखी मोहित सिंह जनता उच्च माध्यमिक विद्यालयका शिक्षक हरिशचन्द्र किशोर मलिक समेतलाई पक्राउ गरिएको वडा अध्यक्ष सिंहले बताए ।

पक्राउ परेका प्रधानाध्यापक झा, शिक्षक मलिक, पेन्ट र गाडीलाई आवश्यक कार्यवाहीका लागि सिमा प्रहरी चौकी बलराका सई मोहनमणि कटुवाललाई बुझाएको सिंहले बताए ।

**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।**

**गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।**

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८